दक्षिण कोरियामा गलत सूचना नियन्त्रण विधेयक पारित | पृष्ठ ६ मा



जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २७ •अंक २०६ • २०८२ साल पुस १० गते विहीबार (25 December, Thursday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

## प्रतिनिधि सभा विघटनविरुद्ध ६० सांसद

**टुडे समाचारदाता**

काठमाण्डु । विघटित प्रतिनिधि सभाका ६० सांसदलाई प्रतिनिधि सभा विघटनविरुद्धको रिटमा सामेल गराउन सर्वोच्च अदालतले अनुमति दिएको छ।

आफूहरुलाई पनि सामेल गराउन माग गर्दै दिएको निवेदनमाथि बुधबार सर्वोच्चको संवैधानिक इजलासले सुनुवाइ गर्दै अनुमति दिएको छ।

नेपाली कांग्रेसका ५७ र अन्य ३ गरी ६० सांसदले आफूहरुलाई पनि यसअघि विघटित संसदका कांग्रेस प्रमुख सचेतक श्यामकुमार घिमिरेसहितले दायर गरेको रिट निवेदनमा संलग्न गराई मुद्दाको पक्ष कायम गर्न माग गर्दै निवेदन दिएका थिए।

उनीहरुको निवेदनमा प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत, सपना प्रधान मल्ल, हरिप्रसाद फुयाल, डा. मनोजकुमार शर्मा र नहकुल सुवेदीको इजलासमा सुनुवाइ भएको छ।

घिमिरेसहित ८ सांसदले २०८२ मंसिर २३ गते रिट दायर गरेका थिए। उक्त रिटमा पुस २ गते सर्वोच्च अदालतको संवैधानिक इजलासले नै प्रारम्भिक सुनुवाइ गर्दै विपक्षीहरुसँग १५ दिनभित्रमा लिखित जवाफ पेश गर्न आदेश दिएको छ।

### राष्ट्रियसभाको निर्वाचन नजिकिँदै

# मधेश प्रदेशमा एमाले र नेकपाको नजर कांग्रेसमाथि

**टुडे समाचारदाता**

जनकपुरधाम। राष्ट्रियसभाको निर्वाचन नजिकिदै गर्दा दलहरू अंक-गणितमा व्यस्त भएका छन् । उम्मेदवारी मनोनयन गर्ने कार्यतालिका सार्वजनिक भएसंगै दलहरु आन्तरिक लेखाजोखामा लागेका छन्।

राष्ट्रियसभामा फागुन २० गतेदेखि १९ सदस्य खाली हुँदैछ। १८ पदका निम्ति माघ ११ गते चुनाव हुनेछ। एक सदस्य भने मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट मनोनीत गर्ने व्यवस्था रहेको छ।

राष्ट्रियसभाको निर्वाचनका लागि नेकपा एमालेले जेन- जी आन्दोलनदेखि नै विगतको सत्ता समीकरणलाई जीवन्त राख्नका लागि कांग्रेसलाई पछ्याइरहेको छ भने कांग्रेसमा एमाले अध्यक्ष केपी शर्मा ओलीलाई लिएर विभिन्न खाले टिप्पणी हुँदा कांग्रेस अनिर्णित बनेको छ । तर एमालेले कांग्रेससंगको सहकार्यलाई प्राथमिकता दिदैं राष्ट्रियसभामा आफ्नो उपस्थिति बलियो देखाउने दाउमा देखिएका छन्।

नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीबीच एकता हुँदै बनेको नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले आफ्नो पुरानो वर्चश्व कायम राख्न चाहेका छन्। नेकपाले पनि आफ्नो उपस्थिति बलियो बनाउनका लागि कांग्रेससंग चुनावी सहकार्य गर्न चाहेका छन्।

नेकपा र एमाले दुबैको प्राथमिकतामा कांग्रेस रहेकाले जुन दलसंग कांग्रेसले गठबन्धन गर्छ, त्यही दल राष्ट्रियसभामा ठूलो बन्ने सम्भावना छ।

राष्ट्रियसभाका उपाध्यक्ष विमला घिमिरेसहितका सांसदको पदावधि सकिन लागेको छ।

घिमिरे एमालेबाट निर्वाचित सांसद हुन् । उनी ०८० चैत २८ गते उपाध्यक्ष पदमा निर्वाचित भएकी थिइन् । उनीसहित एमालेका ८ सांसद बिदा हुनेछन् । जसमा घिमिरे, गोपाल भट्टराई, इन्दिरादेवी गौतम, तुलसाकुमारी दाहाल, देवेन्द्र दाहाल, भगवती न्यौपाने, शारदादेवी भट्ट र सुमित्रा बिसी छन्।

त्यसैगरी नेकपाका ९ सांसद बिदा हुँदैछन् । माओवादी केन्द्रका ७ सांसदको पदावधि सकिँदैछ। सांसदहरू नारायणकाजी श्रेष्ठ, गोपीबहादुर सार्की अछामी, गंगाकुमारी बेलबासे, जगप्रसाद शर्मा, तारामान स्वाँर, मायाप्रसाद शर्मा र राधेश्याम पासवान बिदा हुनेछन्। त्यस्तै एकीकृत समाजवादीका सांसद बेदुराम भुसाल पनि बिदा हुँदैछन्।

राष्ट्रपतिबाट मनोनीत भएका वामदेव गौतमको पदावधि पनि सकिँदैछ। गौतम हाल नेकपाका नेता छन्।

यता लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका शेखरकुमार सिंह, जनता समाजवादी पार्टी नेपालका मृगेन्द्रकुमारसिंह यादव पनि बिदा हुनेछन्। कांग्रेसबाट अहिले कसैको पदावधि सकिएको छैन।

उक्त रिक्त सांसद पदमा पुस २३ गते उम्मेदवारी मनोनयन हुँदैछ। चुनावमा कांग्रेससंग गठबन्धन गर्ने विषयमा एमाले र नेकपाबीच प्रतिस्पर्धा छ।

एमालेका सचिव राजन भट्टराईले एमालेले कांग्रेससंग गठबन्धनलाई प्राथमिकतामा राखेको जानकारी दिए। जेन-जी आन्दोलनसम्म एमाले र कांग्रेस सत्ता साझेदार थिए । कांग्रेस सभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष ओलीबीचको भेटघाटमा सहकार्य गरेर जाने कुराकानी भएको उनको भनाइ छ।

एमालेले नेकपासंग तालमेलको सम्भावना नदेखेको एमाले नेताहरु बताउने गर्छन् । कांग्रेसका नेताहरूका अनुसार, आफ्नो पार्टीसंग एमाले र नेकपाले गठबन्धनका निम्ति प्रस्ताव राखेका छन्। तर अहिले भने कांग्रेसले निर्णय गरिसकेको छैन।

संविधानतः राष्ट्रियसभा निर्वाचनमा प्रदेशसभा सदस्य, स्थानीय तहका प्रमुख र उपप्रमुख मतदाता हुने व्यवस्था छ।

निर्वाचन आयोगले २०७८ को जनसंख्यालाई आधार मानेर मतभार तय गरेको छ । जसअनुसार प्रदेशसभा सदस्यको मतभार ५३ हुने छ भने स्थानीय तहका मतदाताको मतभार १९ छ।

मधेश प्रदेशमा राष्ट्रियसभाका लागि चार सदस्य निम्ति निर्वाचन हुनेछ। मधेश प्रदेशसभामा सबैभन्दा ठूलो दल एमाले रहे पनि स्थानीय तहमा भने कांग्रेस बलियो छ।



प्रदेशसभामा एमालेका २५ सदस्य निर्वाचित भएका थिए । तर दीपेन्द्र कुमार ठाकुर निलम्बनमा रहेकाले उनले मत दिन मिल्दैन। यसो गर्दा एमाले प्रदेशसभाका २४ सांसदले मत हाल्न पाउनेछन् । कांग्रेसका २२, जसपा नेपालका १९ निर्वाचित छन्। जसमध्ये सरोज कुमार सिंह निलम्बनमा छन्। उनले मत दिन पाउँदैनन्। नेकपाका १६, जनमत पार्टीका १३ र लोसपाका ९ सांसद छन्। निलम्बनमा परेका लोसपाका अभिराम शर्माले पनि मत दिन पाउँदैनन् । नागरिक उन्मुक्ति, राप्रपा र संघीय समाजवादीका १/१ सांसद छन्।

यता स्थानीय तहमा कांग्रेसका मतदाता धेरै छन्। कांग्रेससंग १०२, एमालेका ५७, जसपा नेपालका ५१, नेकपाका २९ र लोसपाका २४ मतदाता छन् । जनमतका ३ मतदाता रहेका छन्।

त्यस्तै स्वतन्त्र ३, विवेकशील साझा २ र तमलोपाका १ मतदाता रहेका छन्।

मतभारको हिसाबले हेर्दा मधेश प्रदेशमा सबैभन्दा धेरै मतभार कांग्रेससंग छ। कांग्रेससंग ३ हजार १०४, एमालेसंग २ हजार ३५५, जसपा नेपालसंग १ हजार ८७० , जनमतसंग ७४६, नेकपासंग १ हजार ३४६ र लोसपासंग ८८० मतभार छ।

नाउपा, राप्रपा र संघीय समाजवादीसँग समान ५३, तमलोपासंग १९, विवेकशील साझासंग ३८ र स्वतन्त्रसंग ३७५ मतभार हुन्छ।

मधेशमा कांग्रेस र एमालेबीच ७४९ मतभारको अन्तर रहेको छ। कांग्रेस- एमाले दुबैबीच गठबन्धन भएमा ५ हजार ४५९ मतभार हुन्छ। कांग्रेस र नेकपा मिलेमा ४ हजार ४५० मत हुन्छ। एमाले र नेकपा मिलेमा ३ हजार ७०१ मतभार हुन्छ।

# जसपा नेपाल र स्वाधीन मधेशबीच कार्यगत एकता

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा) नेपाल र स्वाधीन मधेश जनअभियानबीच कार्यगत एकता भएको छ।

जसपा नेपाल पार्टी केन्द्रीय कार्यालयमा आयोजित एक कार्यक्रमबीच जसपा नेपाल र स्वाधीन मधेश जनअभियानका शीर्षनेतृत्वले संयुक्त रूपमा संघर्ष अघि बढाउने सहमति गरेका छन्।



कार्यगत एकता घोषणापत्रमा दुबै पक्षले पूर्ण समानुपातिक निर्वाचन प्रणाली स्थापनाका लागि संयुक्त संघर्ष गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् । यसका साथै स्थानीय तहलाई विकास निर्माणको प्रमुख आधारका रूपमा स्थापित गर्न दलविहीन निर्वाचन प्रणालीको पक्षमा संघर्ष गर्ने सहमति भएको जनाइएको छ।

उक्त घोषणापत्रमा नेपालको संविधान अधुरो, अपुरो तथा त्रुटीपूर्ण र विभेदकारी रहेको ठहर गर्दै त्यसको संशोधन, परिमार्जन तथा आवश्यक परे पुनर्लेखनका लागि संघर्ष जारी राख्ने उल्लेख गरिएको छ।

विविध जात, जाति, भाषा, धर्म, संस्कृति र पहिचान भएका समुदायलाई समेट्ने गरी राज्य-राष्ट्रको अवधारणा स्थापित गराउन पनि संयुक्त प्रयास गर्ने सहमति गरिएको बताइएको छ।

मधेश जनविद्रोहबाट स्थापित संघीय शासन प्रणालीलाई थप मजबुत बनाउँदै प्रदेशलाई अधिकारसम्पन्न बनाउने, मधेशी, दलित, महिला, जनजाति, खस, मुस्लिम अल्पसंख्यक तथा पिछडावर्गको अधिकार, पहिचान र सम्मानका लागि निरन्तर संघर्ष गर्ने घोषणापत्रमा जनाएको छ।

यसका साथै राज्यको हरेक तह र निकायमा जातीय तथा सामुदायिक जनसंख्याका आधारमा समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न संयुक्त संघर्ष गर्ने प्रतिवद्धता जनाइएको छ।

दुबै पक्षले कार्यगत एकता गरी संघर्षका कार्यक्रमहरूसंगै सञ्चालन गर्ने र भविष्यमा आवश्यकता अनुसार एकतासमेत गर्न सक्ने सहमति गरिएको बताइन्छ।

उक्त कार्यक्रममा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव र स्वाधीन मधेश जनअभियानका संयोजक कैलाश महतोले संयुक्त रुपमा घोषणापत्रमा हस्ताक्षर गरेका छन्।

# थापा र लिङ्देनबीच एकीकरणको सहमति

**टुडे समाचारदाता**

काठमाण्डु – राष्ट्रिय प्रजातन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालबीच पुनः एकीकरणको सहमति भएको छ । काठमाण्डुमा बुधबार राप्रपा नेपालका अध्यक्ष कमल थापा र राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनबीच २ लाइनको सहमति भएको छ।

सहमतिमा भनिएको छ, ' 'राप्रपा र राप्रपा नेपालबीच एकता गर्ने सहमति गरेका छौं, एकता घोषणा सभा पुस १६ गते राष्ट्रिय सभागृहमा हुनेछ ।' राप्रपा पार्टी कार्यालय धुम्बराहीमा दुई नेताले सहमतिपत्रमा हस्ताक्षर गरेको राप्रपा प्रवक्ता मोहन श्रेष्ठले जानकारी दिए।



पार्टी एकताबारे जानकारी दिँदै अध्यक्ष लिङ्देनले सम्पूर्ण राष्ट्रवादी शक्तिहरूलाई ध्रुवीकरणमा सहभागी हुन आग्रह गरेका छन्।

यसअघि राप्रपा अध्यक्षमा लिङ्देनले जितेपछि थापाले पार्टी छोडेर नयाँ पार्टी गठन गरेका थिए। उनी २०७९ को निर्वाचनमा एमालेको चुनाव चिन्हमा हेटौंडाबाट उम्मेदवार बनेर राप्रपाका दीपकबहादुर सिंहसंग पराजित भएका थिए।

नेपाली राजनीतिमा राप्रपा फुट र एकताको लामो इतिहास छ । पछिल्लो पटक २०७८ मा महाधिवेशनमा हारेपछि कमल थापाले राप्रपा छाडेको घोषणा गरेका थिए। २०७८ मंसिर २५ गते हेटौंडा पुगेर उनले भारी मनका साथ राप्रपा छाडेको बताएका थिए।

पार्टी महाधिवेशनमा अध्यक्षमा पराजित भएसँगै थापा असन्तुष्ट रहँदै आएका थिए। उनले पुनः पुरानै दल राप्रपा, नेपाल ब्युँताएका छन्। महाधिवेशनमा लिङ्देनले १ हजार ८ सय ४४ मत ल्याएका थिए। थापाले भने १ हजार ६ सय १७ मत प्राप्त गरेका थिए।

थापाले पूर्व राजा ज्ञानेन्द्र शाहले महाधिवेशनको निर्वाचन प्रक्रियामा हस्तक्षेप गरेका कारण अध्यक्षमा आफू पराजित भएको आरोप लगाएका थिए।

त्यसअघि २०७६ सालमा राप्रपा थापा, पशुपतिशमशेर जबरा र प्रकाशचन्द्र लोहनीले एकताको घोषणा गरेका थिए। ०७५ कात्तिकमा दुई राप्रपाको एकता प्रक्रिया फेरि शुरु भयो । त्यसअघि २०७३ मंसिरमा एकीकरण भएको राप्रपा २०७४ को साउनमा विभाजित भएको थियो।

०७४ साउनमा सरकार प्रवेशको विषयमा मतभेद भएपछि राप्रपा अध्यक्ष थापा र वरिष्ठ नेता राणाबीच विवाद बढ्यो । त्यसपछि राणाले पार्टी फुटाएर राप्रपा (प्रजातान्त्रिक) गठन गरेका थिए।



# अनुदान रकम तत्काल भुक्तानीको माग



टुडे समाचारदाता

रौतहट । रौतहट जिल्लाको फतुवा-विजयपुरमा सम्पन्न किसान भेलाले जिल्लाबीच उखु बिक्रीमा देखिएको विभेदकारी नियम अन्त्य गर्न र सरकारले दिने प्रतिक्विन्टल रु. ७० अनुदानको बाँकी रु. ३५ तत्काल भुक्तानी गर्न माग गरेका छन् ।

भेलामा सहभागी किसानहरूले सरकारको नियमअनुसार आफ्नो उत्पादन कहाँ बेच्ने भन्ने निर्णय किसानको पूर्ण अधिकार हुनुपर्नेमा जोड दिएका छन् । "हामी एउटै देशका नागरिक हौं। छिमेकी जिल्लामा चिनी मिलले राम्रो मूल्य वा समयमै भुक्तानी दिन्छ भने त्यहाँ जानबाट रोक्नु अन्याय हो," किसान विजय यादवले भनेका छन् ।


किसानहरूले एउटा जिल्लामा मात्र सीमित गरिँदा स्थानीय मिल मालिकहरूको एकाधिकार बढ्ने र किसान थप शोषित हुने चेतावनी दिएका छन् । यस अवसरमा उनले उखु बिक्रीमा पूर्ण स्वतन्त्रता र बजारको स्वतन्त्रता सुनिश्चित गर्न सरकारको ध्यानाकर्षण गराएका छन् ।

त्यसैगरी, किसानहरूले प्रतिक्विन्टल रु. ७० अनुदानमध्ये आधा रकम अझै पनि नपाएको भन्दै प्रशासनिक ढिलासुस्तीको विरोध गरेका छन्। "मल, बिउ र मजदुरको ज्याला महँगिएको बेला सरकारले दिने भनेको सानो राहत पनि रोक्नु किसानको पेटमा लात हान्नु सरह हो," अर्को किसानले गुनासो व्यक्त गरेका थिए ।

भेलामा मेयर दावेदार ज्ञानेन्द्र यादव, वडा अध्यक्ष राकेस यादव, किसान शिवपुजन यादव र दर्जनौं किसानको उपस्थितिमा उक्त विषयमा व्यापक छलफल भएको थियो। सहभागीहरूले सरकारलाई शीघ्र कदम चालेर बाँकी अनुदान भुक्तानी गर्न, जिल्लाबीचको उखु बिक्रीमा स्वतन्त्रता सुनिश्चित गर्न र किसानको हितमा आवश्यक नीति लागू गर्न जोड दिएका छन् ।

यसैबिच युवा नेता ज्ञानेन्द्र यादवको संयोजक्त्वमा किसानहरूले आफ्नो माग पुरा गराउन संघर्ष समिति गठन गरेको छ । ती समितिले माग पूरा गराउन दबाव दिने उद्देश्यले संघर्षका कार्यक्रमहरु आयोजना गर्नेछ ।

# सडक विस्तारले मुसहर परिवारलाई उठीबास




टुडे समाचारदाता

राजविराज । बढ्दो शितलहर तथा चिसोमा सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका-८ तोपाका १७ विपन्न मुसहर परिवारमा उठीबास हुने चिन्ता थपिएको छ।

भारतले पश्चिमी कोशी नहरको स्तरोन्नति र सडक विस्तार सुरु गर्दा उनीहरूलाई उठीबास हुने सम्भावना बढेको छ। चार पुस्तादेखि नहरको डिलमा बसोबास गर्दै आएका उनीहरू शीतलहरको बेला घर नभत्काइदिन सबैतिर गुहार गर्दै हिँडेका छन् ।

पूर्वतिरबाट दुई वटा डोजर लगाएर तीव्र गतिले नहर स्तरोन्नति र सडक विस्तार गर्दै बस्तीतर्फ आइरहेको चिन्ताले निन्द्रा हराइसकेको ५५ वर्षका खट्टर सदाले बताए। '५/७ दिनमा हाम्रो घर भत्काइदिन्छ, तर त्यसपछि हामी बालबच्चालाई लिएर यो शीतलहरको बेला कहाँ जाने ?'

उनले भने, 'ठेकेदारलाई पटक-पटक आग्रह गर्दा पनि कुरै सुन्न तयार छैनन्, वडा कार्यालयमा पुगेर अध्यक्षलाई भन्दा घर बचाउने कुनै विकल्प नै रहेको छैन ।'

शीतलहरका कारण मजदुरी गर्न बाहिर जान नसकेर आधा पेट खाएर सुत्नुपर्ने बाध्यता खेपिरहँदा झन् घरविहीन हुने चिन्ताले मर्नु न बाँच्नु भइसकेको उनको दुःखेसो छ ।

५२ वर्षका सञ्जय सदाले घर हटाउन तीन पटक जानकारी गराइसके पनि आफूहरूको सामर्थ्य नभएर अन्यत्र सार्न नसकेको सुनाए । 'नहर बन्नुभन्दा पहिलादेखि नै हाम्रो बसोबास यहीँ छ, तर अहिले नहर स्तरोन्नति र सडक विस्तार गर्ने नाममा हामीलाई विस्थापित गर्न खोज्दै छन्,' उनले भने, 'घर भत्काउनुभन्दा पहिला त हाम्रो अर्को व्यवस्थापन हुनुपर्‍यो नि ।' जनप्रतिनिधिले पनि गम्भीर नहुँदा बस्तीका एक सयभन्दा बढी मुसहर समुदायलाई उठीबास हुने चिन्ताले सताएको छ ।

वडाध्यक्ष सत्यनारायण यादवले शीतलहरमा गरिब विपन्नको घर नभत्काइदिन आग्रह गर्दै आए पनि सुनुवाइ नभएको बताए । 'घर भत्काएपछि उहाँहरूलाई अत्यधिक समस्या हुन्छ भन्दै ठेकेदारलाई आग्रह गरेकै हो, तर जसरी पनि काम गर्छु भन्छन्,' उनले भने, 'सीडीओ साबलाई पनि के भनौं, घर हटाउने विषयको सूचना त्यतैबाट जारी भएको छ ।'

विक्रम संवत् २०११ वैशाख १२ मा भएको कोशी सम्झौताअनुसार नहरसहित गरी ५ सय ९९ बिघा १८ कट्ठा ८ धुर जग्गा भारतको अधीनमा छ । सोहीअनुसार बिहारको सुपौलस्थित पश्चिमी कोशी नहर प्रमण्डल कुनौली कार्यपालक अभियन्ताको कार्यालयले नहर र सडक विस्तार गर्नुपर्ने भन्दै गत मंसिर २ मा जिल्ला प्रशासन कार्यालयमा पत्राचार गरेको छ ।

जिल्ला प्रशासन कार्यालयले पनि मंसिर ८ मा सूचना गर्दै नहर आसपासका अतिक्रमण हटाउने कार्यमा तदारुकतासाथ कामकारबाही अघि बढाउन स्थानीय तह र सम्बन्धित कार्यालयसँग आग्रह गरेको छ ।

जिल्ला प्रशासनले सुरक्षा निकायलाई पनि अतिक्रमण हटाउने कार्यमा सहजीकरण गरिदिन निर्देशन गरे पनि के-कति घर भत्किन्छन् र शीतलहरमा कति परिवार उठीबास हुन्छन् भन्ने विषयमा यकिन गर्न सकेको छैन । प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेलले नहर स्तरोन्नति र सडक विस्तारले केही परिवार उठीबास हुने जानकारी आएको बताए ।

# लहान र धनगढीमाईमा बजार अनुगमन

सिरहा । जिल्लामा उपभोक्ता हित संरक्षण गर्ने उद्देश्यले निरन्तर रूपमा बजार अनुगमन गरिएको छ । यसक्रममा मङ्गलबार लहान क्षेत्रमा र आज धनगढीमाई नगरपालिकाको बजार क्षेत्रमा अनुगमन गरिएको हो । वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण



कार्यालय वीरगञ्ज, इलाका प्रशासन कार्यालय लहान, घरेलु तथा साना उद्योग कार्यालय सिरहाको संयुक्त टोलीले बजार अनुगमन गरेको हो ।

अनुगमनका क्रममा म्याद नाघेका उपभोग्य सामग्री नष्ट गर्नुका साथै बिना बिलबिजक सामान राख्ने तथा व्यवसाय गर्न लिएको अनुमति बाहेकका वस्तु बिक्री गर्ने पसललाई कारबाही गरिएको वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय वीरगञ्जका अधिकृत सुनिल चौरासियाले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "अनुगमनका क्रममा म्याद नाघेका सामान नष्ट गरिनुका साथै नियमविपरीत व्यवसाय सञ्चालन गर्ने पसललाई जरिवाना गरिएको छ ।"

अनुगमनका क्रममा लहान-६ स्थित प्रेम ट्रेडर्सलाई रु १० हजार जरिवाना गरिएको छ भने लहान-६ को रमजान किराना स्टोर, विशाल किराना पसल, खुश्बु किराना पसल र राधा जनरल सप्लायर्सलाई जनही रु पाँच हजारका दरले जरिवाना गरिएको छ । जय माँ किराना पसललाई भने सामान्य सचेतिकरण गरिएको उहाँले बताउनुभयो ।

आज धनगढीमाई नगरपालिकाको बजार क्षेत्रमा तीन वटा कस्मेटिक पसल, दुई वटा किराना पसल, दुई वटा जुत्ताचप्पल पसल र एउटा कपडा पसलमा अनुगमन गरिएको छ । अनुगमनका क्रममा कुनै पनि पसललाई जरिवाना नगरी व्यापारीलाई सचेतीकरण मात्र गरिएको अधिकृत चौरासियाले बताउनुभयो ।

सुधार गर्ने उद्देश्यले नियमित अनुगमनअन्तर्गत गरिएको जनाउँदै आगामी दिनमा सिरहा सदरमुकामसहित अन्य बजार क्षेत्रमा पनि अनुगमनलाई निरन्तरता दिइने उहाँले बताउनुभयो । अनुगमनका क्रममा कतिपय पसल सञ्चालकले सटर बन्द गरी असहयोग गरेका पनि पाइएको अधिकृत चौरासियाले उल्लेख गर्नुभयो ।

यस सम्बन्धमा धनगढीमाई नगर उद्योग व्यापार सङ्घका अध्यक्ष सरोजकुमार महतोले व्यापारीहरू डराएर अनुगमनलाई असहयोग गर्नुपर्ने कारण नरहेको बताउनुभयो । व्यवसाय दर्ता तथा नवीकरण गरेर नियमअनुसार व्यवसाय सञ्चालन गर्नुपर्ने उल्लेख गर्दै उहाँले सामान्य त्रुटी भए अनुगमनका क्रममा सुधार गर्ने अवसर पाइने भएकाले नियमनकारी निकायलाई सहयोग गर्न व्यापारीलाई आग्रह गर्नुभयो । रासस

# ससुरा र दाइ पुर्पक्षका लागि कारागार चलान

टुडे समाचारदाता

रौतहट । रौतहटको बृन्दावन नगरपालिका-९ भुसाहा टोलमा १८ वर्षीया तरिमा खातुनको हत्या प्रकरणमा संलग्न रहेको आरोपमा पक्राउ परेका दुई जना प्रतिवादीलाई अदालतले पुर्पक्षका लागि कारागार चलान गर्ने आदेश दिएको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार २०८२ मंसिर ९ गते बिहान करिब ८:०५ बजे गुजरा नगरपालिका-७ बस्ने तरिमाका बाबुले छोरी विगतदेखि नै ससुराली पक्षबाट शारीरिक तथा मानसिक यातना भोग्दै आएको र मंसिर ८ गते रातिदेखि बेपत्ता भएको जानकारी प्रहरीलाई दिएका थिए ।

सूचना प्राप्त भएपछि ईलाका प्रहरी कार्यालय गरुडा र जिल्ला प्रहरी कार्यालय रौतहट बाट खटिएको संयुक्त प्रहरी टोलीले तरिमाको ससुराली घरमा खोजतलास गर्दा परिवारका सदस्यहरू घरमा नदेखिएपछि शंका उत्पन्न भएको थियो ।

घरभित्र एक कोठामा रगतका दाग तथा भुइँमा गाडिएको टाटो लिपोट गरिएको देखिएपछि प्रहरीले घर वरिपरि व्यापक खोजबिन गरेको थियो। सो क्रममा घर कम्पाउण्डको एक कुनामा भुसको थुप्रो पछाडि जमिन भासिएको देखिएपछि उत्खनन गर्दा करिब पाँच फिट जमिन मुनि बोरा पोको पारी राखिएको अवस्थामा तरिमा खातुनको शव फेला परेको प्रहरीले जनाएको छ ।

उक्त घटनासम्बन्धमा गुजरा नगरपालिका-७ पटुवास्थित शेख टोल बस्ने शेख ताज महमदको जाहेरीका आधारमा नेपाल सरकार वादी र बृन्दावन नगरपालिका-९ भुसाहा टोल बस्ने शेख महमद अलीसहितका व्यक्तिविरुद्ध कर्तव्य ज्यान मुद्दा दर्ता गरिएको थियो ।

अनुसन्धानका क्रममा मृतकका ससुरा ७५ वर्षीय शेख महमद अली र सहोदर दाइ शेख आश महमदलाई मंसिर १० गते पक्राउ गरी जिल्ला सरकारी वकिल कार्यालयमार्फत रौतहट जिल्ला अदालतमा पेश गरिएको थियो ।

अदालतको हिजो ८ गतेको आदेशअनुसार दुवै प्रतिवादीलाई पुर्पक्षका लागि कारागार चलान गर्ने निर्णय गरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । घटनाबारे थप अनुसन्धान जारी रहेको प्रहरीले जानकारी दिएको छ ।

# विपन्नलाई न्यानो कपडा वितरण

टुडे समाचारदाता

रौतहट । रौतहटका विभिन्न स्थानमा गरिब, विपन्न तथा मजदुर समुदायलाई लक्षित गरी न्यानो कपडा वितरण गरिएको छ । रौतहटको बृन्दावन नगरपालिका वडा नं. १ र २ अन्तर्गत धनगढी, खौराटोल, बजार टोल, चान्दिपुललगायत तीनवटा गाउँमा न्यानो कपडा वितरण गरिएको हो ।

यस्तै, चन्द्रपुर नगरपालिका वडा नं. ५ मा नहरडिलदेखि चेतनगर मुसहर बस्ती र राजपेडासम्म तथा वडा नं. ३ अन्तर्गत गैडाटार, हिले खोला र सुत्ने खोलाका बस्तीमा समेत न्यानो कपडा सहयोग गरिएको छ ।

त्यसैगरी, चन्द्रपुर नगरपालिका वडा नं. ७, ८, ९ र १० तथा मकवानपुर जिल्लाको राक्सिराङ गाउँपालिका वडा नं. ७ मा सम्बन्धित वडा अध्यक्षको जिम्मा लगाएर न्यानो कपडा हस्तान्तरण गरिएको जनाइएको छ ।




सामाजिक अभियन्ता तथा चन्द्रपुरका अटो रिक्सा चालक केदार तिमल्सिनाले आवश्यक परेका बेला न्यानो कपडा मात्र नभई समयअनुसार विभिन्न सामाजिक सेवाका कार्य निरन्तर गर्दै आएको बताएका छन्। उनले सामाजिक सञ्जाल फेसबुकमार्फत सार्वजनिक गरेको जानकारी अनुसार आफ्नो समाजसेवाको पहिलो चरण काठमाडौंस्थित लक्ष्मी प्रतिष्ठानबाट सुरु भएको हो ।

उक्त अभियानमा 'आशिक आवारा संस्था'को सहयोगमा प्राप्त कपडा तराईका विभिन्न स्थानमा रहेका गरिब तथा विपन्न समुदायका लागि वितरण गरिएको थियो। तिमल्सिनाले न्यानो कपडा वितरणका क्रममा करिब दस दिनसम्म आफ्नो अटो रिक्सा घरमै थन्क्याएर सामाजिक सेवामा खटिएको उल्लेख गरेका छन् ।

उनले हाल न्यानो कपडा वितरण सम्पन्न भइसकेको र अब बिहानदेखि मजदुरी अभियानमा जुटेकोसमेत बताएका छन्। घरमा खाद्यान्न अभाव भएपछि पुनः मजदुरीतर्फ फर्किनुपरेको उनको भनाइ छ ।

# प्रतिनिधिसभा पुनःस्थापनासम्बन्धी सबै रिटमा एकैसाथ सुनुवाइ हुने

काठमाण्डु । सर्वोच्च अदालतले प्रतिनिधिसभा पुनःस्थापनाको माग गर्दै दायर भएको पुरक रिटलाई पनि




एकैसाथ राखेर सुनुवाइ गर्ने भएको छ ।

प्रधान न्यायाधीश प्रकाशमानसिंह राउत, सर्वोच्च अदालतका वरिष्ठ न्यायाधीश सपना प्रधान मल्ल, न्यायाधीहरु हरिप्रसाद फुँयाल, मनोजकुमार शर्मा र नहकुल सुवेदीको संवैधानिक इजलासले आज नेपाली काँग्रेसका निर्वतमान ८ सांसदले दायर गरेको पुरक रिट निवेदनलाई एकैसाथ राखेर सुनुवाइ गर्ने आदेश गरेको हो ।

सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाअनुसार प्रतिनिधिसभा पुनःस्थापनाको माग गर्दै कांग्रेसका ५७ जना पूर्वसांसदले रिट निवेदन दायर गर्नुभएको थियो । विघटित संसद्का कांग्रेस प्रमुख सचेतक श्यामकुमार घिमिरे, सचेतक सुशीला थिङसहित आठ जना पूर्वसांसदले दिएको अघिल्लो निवेदनका साथ सरिक हुन पाउँ भनी पुरक निवेदन दिनुभएको थियो ।

संसद् पुनःस्थापनाको माग गर्दै यसअघि दायर १७ वटा रिटमा राष्ट्रपति कार्यालय, प्रधानमन्त्री, सभामुख लगायतबाट लिखित जवाफ आइसकेको छ ।

# प्रधानमन्त्रीसँग सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका पदाधिकारीको भेट

काठमाण्डु । प्रधानमन्त्री सुशीला कार्कीसँग नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका पदाधिकारीहरुले बुधवार शिष्टाचार भेट गर्नुभएको छ ।

कुलपति निशा शर्मा, उपकुलपति शम्भु राईलगायत सम्मिलित टोलीले प्रधानमन्त्री कार्कीसँग प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भेट गरेको हो ।



टोलीले विशिष्ट अवस्थामा गठन भएको यो सरकारले आफ्नो कार्यादेश सफलतापूर्वक सम्पन्न गर्न सकोस् भन्ने कामना गरेको छ । प्रधानमन्त्री कार्की प्रतिष्ठानको पदेन संरक्षक पनि हुनुहुन्छ ।

त्यस अवसरमा कुलपति शर्माले प्रतिष्ठानको अवस्था र कार्ययोजनाका बारेमा जानकारी गराउनुभएको थियो । देशभरको गीत, सङ्गीत तथा नाट्य विधामा अध्ययन अनुसन्धान गरी संरक्षणका काम गर्नुपर्ने भए पनि राज्यको प्राथमिकतामा नपरेको गुनासो पनि उहाँले गर्नुभयो ।

प्रतिष्ठान अहिले 'प्रिफ्याब'को अस्थायी टहरामा रहेकाले भवन निर्माणका लागि आवश्यक स्रोतसाधनको खोजीमा रहेको उहाँले जानकारी गराउनुभयो ।

नेपाल प्रज्ञा प्रतिष्ठानलाई अझै विशिष्टीकृत गरी २०६४ सालमा तीनवटा प्रतिष्ठान गठन गरिएको थियो। त्यसैमध्येको एउटा सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान हो ।

प्रधानमन्त्री कार्कीले सम्बन्धित मन्त्रालय तथा अन्य निकायहरुसँग परामर्श गरी भवन निर्माणमा सघाउन आवश्यक पहल गर्ने बताउनुभएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । रासस

## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

**मेष :** आज आत्मविश्वास बढ्ने दिन हो । काममा नयाँ जिम्मेवारी आउन सक्छ ।
**वृष :** धैर्यले काम गर्ने दिन हो । पुराना अड्किएका काम अघि बढ्नेछन् ।
**मिथुन :** नयाँ विचारले सफलता दिलाउने दिन हो । साथीको सहयोग प्राप्त हुनेछ ।
**कर्कट :** भावनामा बगेर निर्णय नगर्नुहोस् । परिवारको साथले मन बलियो हुनेछ ।
**सिंह :** नेतृत्व क्षमता देखाउने अवसर आउनेछ। काममा प्रशंसा प्राप्त हुनेछ ।
**कन्या :** योजना बनाएर काम गर्दा सफलता मिल्नेछ ।
**तुला :** सन्तुलन कायम राख्नुपर्ने दिन हो । काम र परिवार दुवैमा समय दिनुहोस् ।
**वृश्चिक :** गोप्य कुरा बाहिर नल्याउनुहोस् । काममा प्रतिस्पर्धा बढ्न सक्छ ।
**धनु :** यात्राको योग देखिन्छ । नयाँ ज्ञान प्राप्त हुने दिन हो ।
**मकर :** मेहनतको फल प्राप्त हुने समय हो । काममा जिम्मेवारी बढ्नेछ ।
**कुम्भ:** नयाँ चिनजान फाइदाजनक हुनेछ ।
**मीन :** काममा ढिलाइ हुन सक्छ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३० बजे
दिउँसो :- ११:४६ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# भारतको सहयोगमा निर्माण हुने दुई परियोजनाको शिलान्यास




काठमाण्डु । भारत सरकारको सहयोगमा ओखलढुङ्गाको सिद्धिचरण नगरपालिका-५ स्थित राज्यलक्ष्मी माध्यमिक विद्यालयका लागि निर्माण गरिने विद्यालय भवनको शिलान्यास गरिएको छ।

उक्त भवनको मङ्गलबार काठमाडौँस्थितभारतीयराजदूतावासका काउन्सुलर अविनाशकुमार सिंह र ओखलढुङ्गाको सिद्धिचरण नगरपालिकाका प्रमुख तेजन खनालले संयुक्त रुपमा गर्नुभयो।

सिद्धिचरण नगरपालिका-५ स्थित राज्यलक्ष्मी माध्यमिक विद्यालयको भवन भारत सरकारको रु चार करोडभन्दा बढीको आर्थिक सहयोगमा निर्माण गर्न लागिएको यहाँस्थित भारतीय दूतावासले जनाएको छ।

नयाँ भवन तीन र आधा तलाको हुनेछ। यो परियोजनालाई उच्च प्रभाव सामुदायिक विकास परियोजनाका रुपमा अघि बढाइएको छ र ओखलढुङ्गाको सिद्धिचरण नगरपालिकामार्फत कार्यान्वयन गरिने बताइएको छ।

कार्यक्रममा सिद्धिचरण नगरपालिकाका प्रमुख, विद्यालय व्यवस्थापन र अन्य सरोकारवालाहरुले नयाँ विद्यालय भवनका लागि भारत सरकारले प्रदान गरिरहेको सहयोगको प्रशंसा गर्नुभएको थियो।

भारत सरकारको सहयोगमा गुल्मीको धुर्कोट गाउँपालिका-३ मा अवस्थित निन्युखर्क माध्यमिक विद्यालयका लागि निर्माण गरिने भवनको शिलान्यास गरिएको छ। उक्त भवनको मङ्गलबार काठमाडौँस्थितभारतीयराजदूतावासका काउन्सुलर गीताञ्जली ब्रैंडन र गुल्मीको धुर्कोट गाउँपालिकाका अध्यक्ष भूपाल पोखरेलले संयुक्त रुपमा शिलान्यास गर्नुभयो।

धुर्कोट गाउँपालिका-३ स्थित निन्युखर्क माध्यमिक विद्यालयको विद्यालय भवन भारत सरकारको आर्थिक सहयोग रु तीन करोड ८० लाखमा निर्माण गर्न लागिएको यहाँस्थित भारतीय दूतावासले जनाएको छ।

नयाँ पूर्वाधारमा फर्निचर, कक्षाकोठा र अन्य सहयोगी संरचनासहितको दुई तल्ले विद्यालय भवन हुनेछ। यो परियोजनालाई उच्च प्रभाव सामुदायिक विकास परियोजनाका रुपमा अघि बढाइएको छ र गुल्मीको धुर्कोट गाउँपालिकामार्फत कार्यान्वयन गरिने बताएको छ।

कार्यक्रममा धुर्कोट गाउँपालिकाका अध्यक्ष, विद्यालय व्यवस्थापन र अन्य सरोकारवालाहरुले भारत सरकारले प्रदान गरिरहेको विकास सहयोगको प्रशंसा गर्नुभएको थियो। रासस

## तराईमा बाक्लो हुस्सु र कुहिरो केही दिन कायम रहने

काठमाण्डु। तराईमा लागेको बाक्लो हुस्सु र कुहिरो अझै केही दिन लम्बिने भएको छ।

जल तथा मौसम विज्ञान विभागले बाक्लो हुस्सु र कुहिरो अझै तीन दिन कायम रहने भएकाले आवश्यक सावधानी अपनाउन सबैमा अनुरोध गरेको छ। विभागले जनजीवन, स्वास्थ्य, सडक तथा हवाई यातायातमा प्रभाव पार्नसक्ने उल्लेख गरेको छ।

विभागका मौसमविद् हरिप्रसाद दाहालले आज पनि देशको तराईका धेरै ठाउँमा हुस्सु/कुहिरो लागेको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "आगामी तीन दिनमा उल्लेख्य सुधार हुने सम्भावना नरहेकाले दैनिक जनजीवन, स्वास्थ्य, सडक तथा हवाई यातायातलगायत क्षेत्रमा प्रभाव पर्ने देखिएकाले आवश्यक सतर्कता अपनाउन सबैमा अनुरोध छ।"

उहाँका अनुसार आज बिहान काठमाडौँको तापक्रम यो वर्षकै सबैभन्दा कम रेकर्ड भई ४ दशमलव ९ डिग्रीमा झरेको थियो। मौसमविद् दाहालले मुख्यगरी पानी पर्ने प्रणाली नभएको पश्चिमी वायु सक्रिय हुन नसकेकाले हुस्सु कुहिरो थप बढेको हो।

मौसमविद्हरुले यस्तो अवस्थामा न्यानो भएर बस्न तथा तातो खानेकुरा खान सुझाव दिएका छन्।रासस

## बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा केन्द्रीय प्रयोगशाला सेवा सुरु




धरान। धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सम्पूर्ण प्रयोगशाला परीक्षण सेवा चौबिसै घण्टा उपलब्ध गराइने भएको छ।

प्रतिष्ठानका प्रवक्ता प्रा डा अञ्जु प्रधानका अनुसार स्वचालित, अर्ध स्वचालित तथा किट आधारित प्रविधिमार्फत हुने प्रयोगशाला परीक्षणका रिपोर्ट नमुना प्राप्त भएको समयदेखि आपतकालीन तथा आपतकालीन स्वास्थ्य सेवा (इएचएस) सेवाका बिरामीका लागि दुई घण्टाभित्र तथा बाह्य तथा भर्ना (ओपिडी तथा आइपिडी) सेवाका बिरामीका लागि तीन घण्टाभित्र उक्त सेवा उपलब्ध गराइनेछ।

उक्त प्रयोजनका लागि हाल सञ्चालनमा रहेका आपतकालीन ल्याब र रुटिन ल्याबलाई एकीकृत गरी 'केन्द्रीय प्रयोगशाला यही पुस ५ गतेदेखि सञ्चालन सुरु गरिएको प्रधानले जानकारी दिनुभयो।

यसअघि आपतकालीन ल्याबबाट सीमित प्रकारका परीक्षण मात्र उपलब्ध हुँदै आएको थियो। नयाँ व्यवस्थाले रुटिन ल्याब र आपतकालीन ल्याबमा छुट्टाछुट्टै नमुना पठाउनुपर्ने दोहोरो प्रक्रिया अन्त्य हुनेछ। साथै वार्ड राउन्डका क्रममा बिरामीको प्रयोगशाला परीक्षण रिपोर्ट समयमै र सहज रूपमा उपलब्ध हुने अपेक्षा गरिएको प्रवक्ता प्रधानको भनाइ छ।

प्रयोगशाला नमुना सङ्कलन आपतकालीन, आइपिडी तथा इएचएस (ओपिडी तथा आइपिडी) सेवाका बिरामीका लागि चौबिसै घण्टा उपलब्ध हुने प्रतिष्ठानले जनाएको छ। रासस

## राष्ट्रियसभा सदस्य निर्वाचनका लागि सातै प्रदेशमा निर्वाचन अधिकृत नियुक्त




काठमाण्डु। निर्वाचन आयोगले राष्ट्रियसभा सदस्यको निर्वाचनका लागि सातवटै प्रदेशका लागि निर्वाचन अधिकृत नियुक्त गरेको छ।

आगामी माघ ११ गते हुने निर्वाचनका लागि राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ७ बमोजिम सात जना जिल्ला न्यायाधीशलाई यही पुस १५ गतेदेखि लागू हुनेगरी निर्वाचन अधिकृत निर्वाचन गरिएको हो।

आयोगका अनुसार निर्वाचन अधिकृतको कार्यालय कोशी प्रदेशका लागि मोरङ जिल्ला अदालतका न्यायाधीश भीष्मराज प्रसाईंलाई नियुक्त गरिएको छ।

त्यसैगरी, निर्वाचन अधिकृतको कार्यालय मधेस-प्रदेशका लागि धनुषा जिल्ला अदालतका न्यायाधीश सुभासबाबु पुरी, निर्वाचन अधिकृतको कार्यालय बागमती प्रदेशका लागि मकवानपुर जिल्ला अदालतका न्यायाधीश गीता श्रेष्ठलाई नियुक्त गरिएको छ।

आयोगका अनुसार निर्वाचन अधिकृतको कार्यालय गण्डकी प्रदेशका लागि कास्की जिल्ला अदालतका न्यायाधीश हिमलाल बेल्वासे, निर्वाचन अधिकृतको कार्यालय लुम्बिनी प्रदेशका लागि दाङ जिल्ला अदालतका न्यायाधीश प्रकाशप्रसाद पण्डित, निर्वाचन अधिकृतको कार्यालय कर्णाली प्रदेशका लागि सुर्खेत जिल्ला अदालतका न्यायाधीश दीपक ढकाललाई नियुक्त गरिएको छ।

आयोगका सहसचिव तथा प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार निर्वाचन अधिकृतको कार्यालय सुदूरपश्चिम प्रदेशका लागि कैलाली जिल्ला अदालतका न्यायाधीश भुवनसिंह थापालाई नियुक्त गरिएको छ।

नियुक्त निर्वाचन अधिकृतहरुले यही पुस १६ गते सम्बन्धित प्रदेशको प्रदेश निर्वाचन कार्यालयमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्ने कार्यक्रम रहेकोसमेत आयोगको भनाइ छ। रासस

# जनकपुरधाम उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### जनकपुरधाम ,मधेश प्रदेश, नेपाल

## करार सेवामा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी

**प्रथम पटक प्रकाशित सूचना मिति २०८२/०९/१० गते**


यस पालिकामा सशर्त अनुदान मार्फत व्यवस्था भए अनुसार देहाय बमोजिमका पदहरु खुला प्रतियोगिताको माध्यमबाट करारमा पदपूर्ति गर्नुपर्ने भएकोले देहायबमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयको राजश्व शाखामा रकम दाखिला गरेको नगदी रसिद सहित दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

| सि. नं. | विज्ञापन नं. | पद | तह | मांग संख्या | परिक्षाको किसिम | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| १ | १/०८२-८३ | रोजगार संयोजक | अधिकृत छैठौं | १ | लिखित र अन्तर्वाता | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण गरेको। कम्प्युटर सम्बन्धी (Ms Office -Word,Excel,Powerpoint, Outlook, Email, Internet,) सहजरुपमा चलाउन सक्ने र नेपाली र अंग्रेजी दुवै भाषामा टाइप गर्न सक्ने क्षमता भएको। नेपाली र अंग्रेजी दुवै भाषामा बोल्ने तथा प्रतिवेदन तयार गर्न सक्ने। स्थानीय तथा प्रदेश सरकारसंग निकटम समन्वय र सहकार्यमा सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। |
| २ | २/०८२-८३ | जिल्ला कार्यकम संयोजक | अधिकृत छैठौं | १ | लिखित र अन्तर्वाता | मानविकी तथा सामाजिक संकाय, व्यवस्थापन, कानुन वा सम्बन्धित अन्य विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण भएको, कार्यक्रम व्यवस्थापन तथा संचालनमा ५ वर्षको कार्यानुभव भएको कम्तीमा २ बर्ष अधिकृतस्तरमा रहि कार्य गरेको अनुभव भएको। स्थानीय तथा प्रदेश सरकारसँग निकटम समन्वय र सहकार्यमा सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। कम्प्युटर सम्बन्धी (Ms Office -Word,Excel,Powerpoint, Outlook, Email, Internet, KOBO Tool) सहजरुपमा चलाउन सक्ने र नेपाली र अंग्रेजी दुवै भाषामा टाइप गर्न सक्ने क्षमता भएको। नेपाली र अंग्रेजी दुवै भाषामा बोल्ने तथा प्रतिवेदन तयार गर्न सक्ने। स्थानीय तथा प्रदेश सरकारसंग निकटम समन्वय र सहकार्यमा सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। |
| ३ | ३/०८२-८३ | आप्रवासी श्रोत केन्द्र परामर्शकर्ता | सहायक पाँचौं | १ | लिखित र अन्तर्वाता | न्यूनतम प्रवीणता प्रमाणपत्र तह वा १०+२ उत्तिर्ण गरी परामर्श कार्य वा सामाजिक परिचालनमा कम्तीमा ३ वर्षको कार्यानुभव भएको। स्थानीय भाषा जानेको सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको र कानून विषयको शैक्षिक योग्यता भएकालाई विशेष प्राथमिकता दिईनेछ। कम्प्युटर सम्बन्धी ज्ञान तथा अनुभव (Word, Excel, Powerpoint, Email, Internet आदि भएको) नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने। स्थानीय तथा प्रदेश सरकारसंग निकटम समन्वय र सहकार्यमा सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। |
| ४ | ४/०८२-८३ | मनोसामाजिक परामर्शकर्ता | सहायक पाँचौं | १ | लिखित र अन्तर्वाता | मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विद्यालयबाट पब्लिक हेल्थ/नर्सिङ्ग/मनोविज्ञान/समाजशस्त्र/सोसिएल वर्कमा स्नातक तह/स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उत्तिर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तिर्ण गरेको। मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रबाट प्रमाण पत्र भएकोलाई विशेष प्रथामिकता दिईनेछ। कम्प्युटर सम्बन्धी ज्ञान तथा अनुभव (Word, Excel, Powerpoint, Email\ Internet आदि भएको) नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने। स्थानीय तथा प्रदेश सरकारसंग निकटम समन्वय र सहकार्यमा सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। |
| ५ | ५/०८२-८३ | वित्तीय साक्षरता सहजकर्ता | सहायक पाँचौं | १ | लिखित र अन्तर्वाता | कम्तिमा प्राविणता प्रमाण तह वा बाह्र कक्षा उत्तिर्ण गरेको। प्राविधिक शिक्ष तथा व्यावसायिक तालिम परिषदबाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उत्तिर्ण गरेकोलाई प्राथमिकता दिईने। वित्तिय साक्षरता वा प्रौढ शिक्षा, वा वयस्क साक्षरता वा अध्यापनको क्षेत्रमा कम्तिमा २ बर्षको अनुभव भएको। वित्तिय साक्षरता कक्षा संचालन वा साक्षरता कक्षा संचालन वा समुदायमा सामाजिक परिचालक वा सहजकर्ता भई काम गरेको। वित्तिय संस्था, सहकारी, लघुवित्त समूह, विप्रेषण, वित्तीय व्यवस्थापन सम्बन्धी ज्ञान भएको। समूह गठन, परिचालन तथा समूह सहजीकरण सम्बन्धी अनुभव भएको। सम्पर्क समन्वय, द्धन्द व्यवस्थापन, प्रतिवेदन लेखन तथा संचार सम्बन्धी दक्षता भएको। तालिम, कार्यशाला, बैठक आदि व्यवस्थापन र सहजीकरण गर्न कम्प्युटर सम्बन्धी आधरभुत ज्ञान तथा अनुभव (Word, Excel, Powerpoint, Email\Internet आदि भएको) नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने। वैदेशिक रोजगारीमा गई फर्किएका व्यक्तिलाई प्राथमिकता तथा वित्तिय साक्षरता सम्बन्धी अनुभव, सामाजिक सशक्तिकरणमा सहजीकरण गरेको व्यक्तिलाई प्राथमिकता दिईने। |
| ६ | ६/०८२-८३ | रिटर्नी स्वयंसेवक (आंशिक) | | २ | अन्तर्वाता | मान्यता प्राप्त शिक्षण संस्थाबाट कक्षा ८ उतिर्ण गरी बैदेशिक रोजगामा गई कम्तीमा १ वर्ष काम गरेको अनुभव र सुरक्षित बैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। |

**शर्तहरू:**

१) विज्ञापन नं. ६/०८२-८३ बाहेक उमेरको हद १८ वर्ष पुरा गरी ३५ वर्ष ननाघेको तथा महिलाको हकमा ४० वर्ष पुरा नगरेको हुनु पर्नेछ।
२) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ।
३) आवेदकको दरखास्तका साथै न्यूनतम शैक्षिक योग्यता तथा अनुभवको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ।
४) दरखास्त दस्तुर निर्धारण गरे बमोजिमको रसिद निवेदन साथ पेश गर्नु पर्नेछ।
५) स्थानीय तहमा कार्य गरेकोलाई विशेष प्राथमिकता दिईनेछ।
६) परिक्षा दस्तुर अधिकृत स्तरको लागि रु. १२००।- एक हजार दुइ सय मात्र र सहायक पाचौंको लागि रु १०००।- (एक हजार मात्र) र रिटर्नी स्वयमसेवकको लागि परिक्षा दस्तुर रु ५००।- (पाच सय मात्र)
७) **पारिश्रमिक** : करार सम्झौतामा उल्लेख भए बमोजिमको सेवा सुविधा उपलब्ध गराईनेछ।
८) **सम्पर्क मिति**: आवेदन दिने अन्तिम मितिको ७ (सात) दिन पछि।
९) **परिक्षा मिति**: सम्पर्क मितिमा तोकिनेछ।
१०) लिखित परिक्षा र अन्तर्वातामा आउँदा अनिवार्य रुपमा सक्कल प्रमाणपत्र लिएर उपस्थित हुनुपर्नेछ।
११) **सेवा अवधी**: २०८३ अषाढ मसान्त सम्म र का.स.मू.को र शसर्त अनुदानको रकम उपलब्ध भएमा कार्यालयले म्याद थप गर्न सकिनेछ।
१२) **दरखास्त बुझाउने अन्तिम मिति**: २०८२।०९/२५ गते
१३) आवेदन दिने अन्तिम दिन विदा परेमा सोको भोलिपल्ट सम्म आवेदन दिन सकिने।
१४) **दरखास्त पाउने स्थान यस पालिकाको website**: janakpurmun.gov.np बाट डाउनलोड गर्नुहोला।
१५) दरखास्त बुझाउने स्थान ज.उ.म.न.पा.को प्रशासन शाखामा।
१६) पदपूर्ति सम्बन्धी अन्तिम निर्णय ज.उ.म.न.पा. पदपूर्ति समितिमा निहित रहनेछ। यसमा कुनै कतै पुनरावेदन लाग्नै छैन।
१७) विदेशी संस्थाबाट अध्ययन गरेको हकमा त्रिभुवन विश्वविद्यालयबाट equivalent प्रमाणपत्रको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ।
१८) महिलालाई विशेष प्राथमिकता दिईनेछ।
१९) जवाफदेहिता र पारदर्शिता कायम राख्ने उद्देश्यले माथि उल्लेखित पदहरुको लागि मिति , २०७९/०५/२९ गतेको प्रकाशित सूचनाको आधारमा आवेदन दस्तुर राजस्व तिरी आवेदन भरेका आवेदकहरूले यदि आफ्नो भुक्तानी सम्बन्धी कुनै ठोस प्रमाण (बैंक भौचर वा रसिद) पेश गर्न सक्ने अवस्था भएमा, यो आवेदन दिंदा दस्तुर शुल्क लाग्ने छैन।

**जनकपुरधाम उप-महानगरपालिका**




अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# चुनावको वातावरण कसरी बन्ला ?

प्रतिनिधि सभा विघटनसंगै फागुन २१ गते प्रतिनिधि सभाको निर्वाचन हुने घोषणा भएको साढे ३ महिना भइसक्यो । फागुन २१ गते आउन अब दुई महिना बाँकी छ । तर चुनावको वातावरण बन्न सकेको छैन । निर्वाचन आयोगले चुनावको कार्यतालिका सार्वजनिक गरिसकेको छ । तर दलहरुले त्यस अनुसार काम गर्न सकेको छैन । केही दलहरुले चुनावका लागि उम्मेदवार सिफारिस गर्न तल्लो निकायहरुलाई निर्देशन दिएका छन् । तर केही दलहरुले चुनाव सम्बन्धी कामलाई अगाडि बढाएको छैन । भदौ २३ र २४ गतेको आन्दोलनबाट देशमा शासन परिवर्तन गर्ने जेनजीहरु पनि चुनावको वातावरण बनाउन सक्रिय छैन । जेन- जीहरुले थालेको आन्दोलनले चुनावको वातावरण बिथोल्ने मात्र गर्नेछ । प्रधानमन्त्री सुशीला कार्कीले चुनावका लागि निरन्तर प्रयास गरिरहेका छन् । कयौं अडान छाडेर प्रधानमन्त्री कार्कीले चुनावका लागि शीर्ष नेताहरुसित पनि छलफल गरेका छन् । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, एमालेका अध्यक्ष केपी शर्मा ओली, नेपाल कम्युनिष्ट पार्टी(नेकपा) का अध्यक्ष पुष्पकमल दाहाल( प्रचण्ड)सित राष्ट्रपति रामचन्द्र पौडेलको समुपस्थितमा प्रधानमन्त्री कार्कीले चुनावको विषयमा छलफल गरे । पहिलो पटक शीर्ष नेताहरुसित प्रधानमन्त्री कार्कीले छलफल गरे पनि सकारात्मक वातावरण बन्ने छाँट देखिएको छैन । प्रधानमन्त्री कार्कीले जेन-जीको नाममा ओलीलाई स्थानहदमा राखेर चुनाव गराउन सहज छैन । जेन- जीहरु पनि विभाजित भइसकेका छन् । सडकमा रहेका जेन- जीहरु मध्ये अधिकांश कुनै न कुनै दलमा आवद्ध भइसकेका छन् । जेन- जीका पछाडि रहेका शक्तिहरुको दबाबमा ओलीलाई स्थानहदमा राख्दा एमाले चुनावमा जाने छैन । एमाले चुनावमा नगएसम्म देशमा चुनावी वातावरण बन्न सक्दैन । हालै सम्पन्न एमालेको ११ औं महाधिवेशनले देशमा रहेको उसको संगठनात्मक शक्तिलाई प्रदर्शन गरेको थियो । फागुन २१ गते निर्वाचन हुन नसके प्रतिनिधि सभा पुनर्स्थापना हुनुपर्नेमा अधिकांश दलहरु सहमत छन् । हुन त प्रतिनिधि सभा पुनर्स्थापनाका लागि बहुमत समेतका सांसदहरुले सर्वोच्च अदालतमा रिट दर्ता गराएका छन् । सर्वोच्च अदालतमा परेको मुद्दालेप नि संसद पुनर्स्थापनाको पक्षमा सांसदहरु रहेको प्रष्ट हुन्छ । अदालतको फैसला आउन बाँकी छ । सरकार चुनाव गराउन असफल भए संसद पुनर्स्थापना स्वभाविक रुपमा नै हुनेछ । प्रधानमन्त्रीमा कार्की नियुक्त हुँदा फागुन २१ गते चुनाव गराउने बाध्यात्मक तिथि घोषणा भएको थियो । त्यो तिथिलाई कार्की सरकारले सार्न सक्दैन । उनले फागुन २१ गते प्रतिनिधि सभाको चुनाव गराउने शर्तमा नै प्रधानमन्त्री नियुक्त भएकी हुन् । तर अझैपनि चुनावको वातावरण बन्न सकेको छैन । चुनावको वातावरण बनाउन प्रधानमन्त्री कार्कीले जेनजीको पछाडि रहेकाहरुको दबाबबाट मुक्त हुनुपर्छ । नेताहरुको स्थानहदलाई हटाउनु पर्छ । उदार भएर चुनावको वातावरण बनाउन सरकार लाग्नुपर्छ ।

# शंकास्य नेपालमा कुशध्वज


उपेन्द्र भगत नागवंशी

आजभन्दा साढे सात हजार वर्ष पहिला त्रेता युगमा जनक नामन्तधारीहरुको राज्य व्यवस्था सत्यवत् क्षेत्र-हिमवत् खण्ड वर्तमान नेपाल र प्राचीन मिथिला राज्यमा थियो । हामी सनातन धर्म मानिने समाजले विभिन्न देवी देवता, ऋषि-मुनि महात्माको विस्तृत चर्चा गर्छौं । तर खासगरी जनकजी महाराजको त्यति सारो चर्चा हुँदैन ! जति सीता, राम-लक्ष्मण, दशरथ, हनुमान, कृष्ण, आदिको चर्चा हुन्छ । हामी त्यति जनकको प्रसंग कोट्याउँदैनौ, प्रसंगहरु उठाउने गर्दैनौं किन ? उहाँको सम्बन्धमा धेरै थोक साक्ष्यहरु पनि उपलब्ध छैन, तर जे छ, त्यो पनि थोरै होइन । यसै कारण जनकपुरधाममा भएको एउटा कार्यक्रममा विद्वानहरुले पनि सामान्य कुरो बताउन सकेनन् ।

'नेपाल-भारत दुई पृथक-पृथक देश हुन् । भगौलिक रुपमा स्यानो-ठूलो राष्ट्र हो, तर दुबै देश सार्वभौम सम्पन्न देश हुन् । दुबै देशका नागरिक स्तरमा रोजी-रोटी र रक्त सम्बन्ध छन् । त्यसकारण दुबै देशका संस्कृति एकआपसमा मिल्दो-जुल्दो हो । राजनीतिक रुपमा काठमाण्डु र दिल्लीबीचको जति दूरी छ, त्यति नै कहिलेकाँही सम्बन्ध चिसियान पनि हुन जान्छ, तर नागरिक नागरिकबीचको परस्पर सम्बन्धले ती चिसोपना मेटिने र राजनीतिक मतमतान्तरमा पनि सहृदयी बनाउन निकै मद्दत गर्ने गर्दछन् । यसै परिपेक्ष्यमा पूर्वकाल देखिनै रहँदै आएको दौंतरी सम्बन्धलाई अझै प्रगाढ बनाउने निहित उद्देश्यका साथ यही वर्ष गएको कार्तिक-२५ गते, मिथिला नगरी जनकपुरधाम यात्री निवासमा एउटा कार्यक्रम भयो । 'नेपाल-भारत सांस्कृतिक सम्वाद' ! कार्यक्रममा प्रमुख अतिथिको रुपमा सर्जक डा. राजेन्द्र विमल, पत्रकार साहित्यका रामभरोस कापडि सहितका नेपाली विद्वान सामेल थिए । कार्यक्रममा भारत उत्तरप्रदेशका पूर्व शिक्षामन्त्री रविन्द्र शुक्ला नेतृत्वमा २५ जना विद्वानहरुको टोली आएको थियो । कार्यक्रम आफ्नो उद्देश्यानुरुप समापन भयो । तर, ती विद्वत्सभामा आफ्ना धारणा राख्दा भारतीय प्रदेशका शिक्षामन्त्री शुक्लाले जनक जानकीको गाउँ जनकपुरधामको प्रसंग कोट्याउँदै 'सीताका बुवा शिरध्वज जनकजीको राज्य त' हामी जान्दछौं, यही जनकपुरधाम हो । तर, उनका भाइ कुशध्वज जनकको राज्य कहाँ थियो ? उनको बारेमा तपाई विद्वत्वर्गसंग जान्ने जिज्ञासा छ ! भन्नु भयो । कार्यक्रमा सहभागी सबै अक्क नबक्क भए ।

यो समान्य कुरो लाग्न सक्छ, तर यो समान्य कुरो किमार्थ होइन ! हाम्रो नेपालमा मैथिली मात्रै होइन नेपाली, अंग्रेजी, हिन्दी, संस्कृत सहितका जानकार विद्वान डा. विमल, मधेश प्रज्ञा प्रतिष्ठानका अध्यक्ष, पत्रकार साहित्यकार तीन दर्जन भन्दा बढि पुस्तक लेखन गरी सक्नु भएको कापडिज्यू समेतले जनकपुरधामसंग सम्बन्धित ती कुराको जवाफ फर्काउन सक्नु भएन, यो लाज मान्नुपर्ने कुरा भयो । एउटा समान्य मानिस जसलाई कसैले खासै मान दिदैन, जानकार हो भने मान्दैन त्यसले सही जवाफ फर्काएर जनकपुरधामवासीको ठूलै गुण लगाइ दिए र जनकपुरधामवासीको लाज बचाइ दिए भने मान्ने पर्छ ।

हामी प्राचीन मिथिलाको राजधानी जनकजी महराजको राजधानी नगरमा बुद्धजीवीहरुको बीचमा उभेका छौं, मेरो जिज्ञासा छ त्यस्को उत्तर तपाईहरु दिनुस् ! कसैले केही उत्तर दिएन । त्यसपछि तेस्रो पटक आफ्नो भाव अभिव्यक्ति राख्दै शिक्षामन्त्री शुक्लाले हिन्दीमै कुरा राख्दै भन्नु भयो मेरो यतिको स्यानो जिज्ञासा कसैले पुरा गर्न सकिदैन ? जनकजी महाराजको नगरी अब विद्वानहरुबाट खाली छन् ?? म तपाइहरुसंग प्रश्न गर्दछु, शिरध्वज जनकका भाई कुशध्वज जनकको राज्य कहाँ थियो ? कृपया गरेर बताइदिनुस् ! उनको पटक पटको आग्रही कुराको जवाफ फर्काउन कसैले सकेन र सबै सहभागी विद्वान मुक नै बसें ! त्यति कैमा दर्शक दीर्घामा बसेका एकजना पातलो पुरुष उभेर भने...शंकाश्य क्षेत्र...! सबैले ताली बजाए र मन्त्रीले भने ठीक, राजा जनकका भाईको राज्याश्र क्षेत्र थियो शांकाश्यपुरी !

अब प्रश्न रह्यो यस्तो किन ? किन भने हाम्रा सर्जकजन पनि अध्ययन गर्नु हुन्न ! कुनै समयकालमा पढ्नु भएको होला, डिग्री प्राप्त गर्नु भयो होला । अथवा स्मरण नहुन पनि सक्छन्, होला । तर राज्य कोषको पैसा खाएर पदासीन भएर पनि सामान्य कुरोको जानकारी पनि नहुनु वा नराख्नु, बाहिरी मानिस त्यो बुझ्दैन र हाँसौकै पात्र बनाउँछन् र जान्छन् । बहरिया-आगन्तुकाको नजर मा हामी सम्पूर्ण जनकपुरधामवासी नै पर्छौं,

### शिरध्वज र कुशध्वज दाज्यु भाईको प्रसंग

> शांकाश्य क्षेत्रको सविस्तार प्रसंग कन्हलजातकमा छ । वर्तमान काठमाण्डु गोकर्णेश्वरदेखि हिमालसम्मका सम्पूर्ण क्षेत्र तथा सीमापार वर्तमान भारत उत्तरप्रदेश राज्यका फरुक्काबाद र बून्देलखण्डसम्मको क्षेत्र पनि सांकाश्यक्षेत्रमा थियो ।

त्रेतायुगमा शिवको गणवादी व्यवस्थालाई आत्मसाथ गर्दै विदेह गणराज्य अधिनका मिथिलाराज्यका नरेश शिरध्वज जनक (द्वितिय) थिए । उनका भाइको नाम कुशध्वज जनक थियो । जनताका नायक भएकाले जनक उनीहरुको नामसंग उपाधि थपिएको थियो । तिन्ताका राजाको ठाउँमा जनक भनि सम्बोधन हुन्थ्यो । मिथिलाधिपति शिरध्वज जनक (द्वितिय) र उनका भाई कुशध्वजको विवाह शांकाश्यक्षेत्र जो नेपालमै छ, त्यँहाका राजा थिए 'नागवंशीय राजा 'बासुकी नाग' । बासुकी नागका तीन छोरी थिइन । सुनयना, सुदर्शना र सुलोचना । शिरध्वजसंग सुनयनाको र कुशध्वजसंग सुदर्शनाको विवाह भयो । सोही बखत लंकाधिपति रावण त्यँहा पुगु भयो मलाई किन खबर गरिएन भने रावण रिसाएर आएका थिए । बासुकी नागको छोरीसंग रावणका छोराको विवाहका कुरा छिनेको थियो । त्यस आबेशमा आएर लंकाधिपति रावण बासुकीको राज्यश्रय क्षेत्रमा पुग्नु भएको थियो । बासुकीले छोरीको विवाह हुन दिनुस् अनि युद्ध गर्नु होला भनि सम्झाएका थिए । त्यसपछि लंकाधिपति रावण आफ्ना छोरा मेघनादसंग सुलोचनाको विवाह गर्न तयार भए । बासुकी की जेठी छोरी सुनयनासंग शिरध्वज जनकको, माइलो छोरी सुलक्षणाको कुशध्वज जनकसंग र कान्छी छोरी सुलोचनाको रावणपुत्र मेघनादसंग एक्कै समयमा विवाह सम्पन्न भयो र पुरोहितमा स्वयं लंकाधिपति रावण बस्नु भएको थियो भने तथ्य प्राचीन साहित्यमा वर्णन पाइन्छ । यस हिसाबले शिरध्वज जनक र लंकाधिपति रावणबीच पहिलादेखि नै 'सम्धौत'को सम्बन्ध कायम हुन्छ । त्यसका कैयौं वर्षपछि भूमिपुत्री सीता जन्मग्रहण भूमिबाट प्रकट भएर गर्छिन् । जसको हरण स्वयं रावणले गर्छन् भने कथा हामी रामायण जस्ता धार्मिक कुटनितिज्ञ ग्रन्थमा पढ्न पाउँछौं ।

### कुशध्वजको राज्याश्र क्षेत्र

शिरध्वज जनक द्वितियका भाई कुशध्वजको ससुरालीमा एकजना सालो मात्र उत्तराधिकारीका रुपमा रहिसकेको थियो । त्यसताका समयमा पुरुषलाई नै राजत्री चलाउनु पर्ने गणवादी व्यवस्था थियो । बासुकी नागको छोरा राजकुमार जो राज्यकाज सम्हाल्दै आएका थिए । सीताको विवाहमा सामेल हुन जनकपुरधाम आएको बेला उनको मृत्यु भएको थियो । त्यसपछि शांकाश्य क्षेत्रका क्षेत्राधिपति भइ कुशध्वजले शासन भार सम्हालेर राज्य चलाएका थिए । त्यसकारण नै विदेह-मिथिला हिमालयदेखि गंगा नदीको वारीसम्मको भूभाग विदेहजनपथ मिथिला राज्याधीन आएको थियो भने बुझ्नु पर्दछ । अधिकांश विद्वानहरुले त्यसैकारण हिमालयदेखि गंगाघाटीसम्म मिथिलाराज्य थियो भने सगौरव साहित्यहरुमा उल्लेख गर्दै आएका हुन् । तर कसरी र कहाँ सो कुरा प्रष्ट खुलाउँदैनन् । दुई देशको सांस्कृतिक सम्वाद सभामा डा. विमल र कापडि जस्ता सर्जक पनि बोल्न सक्नु भएन । जब की प्राचीन साहित्यमा यो कुराको प्रष्ट वर्णन छ ।

नेपाली इतिहासकार रामजी उपाध्यायले २००७ सालमा लेख्नु भएको 'नेपालको इतिहास दिग्दर्शन' नामक पुस्तकमा पनि सो कुराको संक्षिप्त वर्णन छ । ती पुस्तकमा प्राचीनकालमा "मञ्जुपतन (नेपाल) को राजा धर्मपाल थिए । यी नै धर्मपाल वंशका राजा 'सुधन्वा' थिए । सुधन्वा अयोध्यापति महाराजाधिराज भगवान रामचन्द्रका समकालीनथिए । राजा सुधन्वाले सांकाश्य नाम गरेको नगर बसाएका थिए । सांकाश्यक्षेत्रमै आफ्नो राजधानी नगर बनाएका थिए । यिनी जगजन्नी सीताजीको स्वयंवरमा जनकपुर गएको बखत राजा जनकका भाई कुशध्वजका हातबाट मारिए । त्यसपछि राजा कुशध्वजले सांकाश्य नगरको रजात्री चलाए र यिनका वंशजहरुले हजारौं वर्षसम्म निर्विघ्न सांकाश्य(नेपाल) नगरको शासन भार सञ्चालन गरेका थिए ।" भन्ने कुरा पुस्तकमा उल्लेख रहेका छन् । शांकाश्यक्षेत्रका राजधानी नगरलाई शांकाश्यपुरी भनिन्थ्यो । यी कुराको जानकारी राखेको भए ती विद्तसभामा हाम्रा अग्रजहरुले मूक भएर बस्ने अवस्था आउने थिएन । सदैब हिन्दी भाषामा बोल्ने प्रणगरी बसेका महोत्तरी पिपरा निवासी परिवर्तनकारी क्रान्तिकारी युवा ओजश्वी वक्ता रमण पाण्डेले ती कार्यक्रमा आफ्नो धारना राख्दै भने 'आज एउटा गहनतम् तर विद्वत्जनका लागि सामान्य विषयको जवाफ नागवंशी जस्ता समान्य पत्रकारले दिनुभयो नत्र हामी हाँसोको पात्र भएर नै जान्थ्यौं । तर, उनले सही उत्तर दिएर हाम्रो प्रतिष्ठा जोगाइ दिनुभयो ।'

आफ्नै कलमले आफै प्रशंसा गर्नु किमार्थ मेरो अभिप्राय होइन । तर, मेरो 'मनकचोट' यस कारण छ हामी भाषा, साहित्य, संस्कृति, समाज, संसारका कुरा गर्छौ । हाम्रो प्राचीन सभ्यता, सुधमुभाषा, गौरवमय संस्कृति बोकेको पवित्र स्थान छ । अनेकौं दर्शन शास्त्रको रचना यस भूमिमा भएको भन्छौं, संसारलाई ज्ञान दिने थलोको रुपमा रहेको जनकपुरधामको गौरव गरिमा अक्षुन्न राख्नुपर्ने दायित्व हामी सबैको हो । तर ती मुखले मात्र भनेर नहुने रहेछ । त्यसका बारेमा समान्य कुरोको पनि जानकारी हामि राखेनौ भने हामी जनकपुरीयाहरु हाँसोको पात्र बन्छौनै त्यो नबनौ । आफ्नो गाउँ-ठाउँको मौलिक विशेषताको जानकारी राख्ने गरौं । त्यसकालागि आवश्यक जानकारी लिने-दिने वाणि विकास गरौं अनि मात्र हाम्रा शाख जोगिन्छ ।

### राजा निमि र जनक

राजा निमिको चौबिसौं पुस्ताका सन्तानमा 'ह्रस्वरोमा' भएका थिए । यही ह्रस्वरोमाका शिरध्वज र कुशध्वज नाम गरेका दुई सन्तान थिए । जेठौ छोरा शिरध्वज विदेह जनपथका मिथिला देशीय राजा बनाइएको थियो । कान्छो छोरा कुशध्वज शांकाश्य क्षेत्राधिपति भएका थिए । वर्तमान काठमाण्डु उपत्यका गोकर्ण सम्मलित क्षेत्रमा उनी राजगर्दै थिए । विष्णु पुराण पञ्चम अध्याय निमिवंश वर्णनमा सो कुरा आएको छ । तर जसरी उनको सालो जनकपुरधाम आएपछि मरें अथवा मारिए त्यसपछि पुरै शांकाश्य क्षेत्रमाथि अधिकार जमाउन पुगेको इतिहासमा वर्णन पाइन्छ । शांकाश्य क्षेत्रको सविस्तार प्रसंग कन्हलजातकमा छ । वर्तमान काठमाण्डु गोकर्णेश्वरदेखि हिमालसम्मका सम्पूण 'क्षेत्र तथा सीमापार वर्तमान भारत उत्तरप्रदेश राज्यका फरुक्काबाद र बून्देलखण्डसम्मको क्षेत्र पनि सांकाश्यक्षेत्रमा थियो । कुशध्वजजनक अधिन यी क्षेत्र आएपछि कालान्तरमा मिथिलाराज्य विस्तार दक्षिणमा गंगादेखि उत्तरमा हिमालयसम्म कायम भएको थियो भन्ने भनाइ कुशध्वजको शासन व्यवस्था हातमा आएपछिनै सार्थक भएको थियो । यस सम्बन्धमा 'भारतका इतिहास' रचियता भागीरथले पनि सो कुरा आफ्नो पुस्तकको पृष्ठ ३२ मा उल्लेख गर्नु भएको छ ।

हामी नेपाली मिथिलाका मानिसहरु आफ्ना ती पुर्खाको स्मरण सदैवगरी राख्नु पर्दछ । हामी हाम्रा विभूतिको बारेमा जानकारी राख्नु पर्ने हुन्छ । तर, दुर्भाग्यको कुरो हो जनकद्वय मात्रै होइन नेपालमा यति सारो स्थान र संसार प्रसिद्ध विभूतिहरु छन् । त्यस्को हामी चर्चा पनि गर्दैनौं । विभिन्न युग र सभ्यताकालदेखि नेपाल र नेपाली भूमि र समाजलाई अवाद गर्ने देवताहरु, ऋषि-महर्षिहरु, स्रष्टाहरुलाई बिर्सन थालेका छौं । त्यसको एउटा प्रमुख कारण हो देशमा खोज अन्वेषण गर्ने रीति-नीति नै छैन् । विद्वान-विदुष्हिरु कम्तिमा सोको स्मरण राख्नै पर्छ र भावी सन्ततीलाई सोबाट अवगत गराउने कार्य गरी रहनु पर्दछ । नत्र संसार प्रसिद्ध अर्थविद् चाण्क्यले भने झै-'जो समाज वा राष्ट्र आफ्नो संस्कृति परम्परालाई बचाउँदैन मरे तुल्य हुन्छ । स्रष्टाहरुलाई आदर गर्दैन विभुतिहरुलाई मान्दैन त्यो समाज दिशाहीन हुन जान्छ र विद्वानहरु नै दिशाहीनता तर्फ गयो भने विधर्मीहरुको जालमा फंसेर त्यो समाज नष्ट-भ्रष्ट हुन्छन् ।' हाम्रो मुलुक त्यसबाटोमा नै चलेको त' होइन भने विचार पुर्याउनु पर्ने आवश्यकता छ ।

# जेनजी आन्दोलनको खतरनाक मध्यान्तर


राजु नेपाल

नेपालको समसामयिक राजनीतिक परिदृश्यमा अहिले सबैभन्दा धेरै चर्चा भइरहेको विषय भनेको 'जेनजी आन्दोलन' हो । युवाहरूको स्वतःस्फूर्त आक्रोश र परिवर्तनको मागले सडकदेखि सामाजिक सञ्जालसम्म फैलिएको यो आन्दोलन देख्दा कतिपयले यसलाई एक क्षणिक र भड्किलो प्रतिक्रिया ठाने। तर यथार्थ त्यस्तो होइन। युवाको लामो समयदेखि सञ्चित असन्तोष, नेतृत्वविहीन युवा ऊर्जा, र राज्य-नागरिक सम्बन्धमा सिर्जित दूरीले जन्माएको यो आन्दोलन सकिएको होइन, यो त केवल मध्यान्तर मात्रै हो ।

यस्तो मध्यान्तर किन देखियो? आन्दोलनको लय किन केही सुस्तायो ? र, अझ सबैभन्दा महत्त्वपूर्ण– आगामी संघीय निर्वाचन नहुने संकेत देखिँदै जाँदा देशमा कस्ता समस्याहरू थपिँदै छन्? यी सबै प्रश्नहरूले नेपाली राजनीति र अर्थतन्त्र दुवैलाई अर्थपूर्ण रूपमा छुन थालिसकेको छ ।

जेनजी आन्दोलन मूलतः तीन भावनामा आधारित थियो ।

गरिखान चाहने युवाहरूको राजनीतिप्रतिको मोहभंग, सरकारको भ्रष्टाचार र असक्षमताप्रति असह्य रोष, तथा देशभित्र जीवन-अवसरको अभावले पैदा भएको निराशा। नेपालका युवाले दशकौँदेखि देख्दै आएका बेथिथि, अवसरमा दलगत भागबण्डा, रोजगार अभाव, महँगी, सेवा प्रवाहमा सुस्तता आदि तीव्र रूपमा एकैपटक विस्फोटित हुनु नै यो आन्दोलनको मूल कारण हो। आन्दोलन स्वतःस्फूर्त थियो, कुनै पार्टीको निर्देशनमा होइन । त्यसैले यो नेतृत्वविहीन तर ऊर्जा-सम्पन्न थियो ।

यस्ता आन्दोलनहरू तुरुन्तै रोकिन्छन् भन्ने सोच्नु नै गलत हो। हाम्रो समाजमा आन्दोलन प्रायः तरंग जस्तै चल्छ– कहिले तीव्र, कहिले मन्द। अझ यहाँ आन्दोलन गर्ने तिथिमिति नै हुन्छ । तर, यो आन्दोलन फरक भयो र अझै हुनेछ। अहिले देखिएको मन्द अवस्था स्थायी होइन, बरु विश्राम-विन्दु मात्र हो । युवाहरूले न त आफ्नो असन्तोष बिर्सिएका छन्, न त राज्यसँगको उनीहरूको गुनासो सम्बोधन भएको छ। यो त सहरको बाटोमा उठेको धुलो थामिएको जस्तै क्षणिक शान्ति हो, हावा चल्ने बित्तिकै फेरि उड्नेछ ।

पहिलो, राजनीतिक दलहरूको सक्रियता बढेको जस्तो देखियो। हिजोका सत्तापक्षदेखि विपक्षसम्म सबैले यो आन्दोलनले आफ्नो भूमिगत कमजोरी उजागर गरिदिएको महसुस गरे। तत्काल प्रतिक्रिया स्वरूप, नेताहरू सडकमा गए, बैठक बसाए, केही वाचा गरे। तर मधेश प्रदेशमा जे हुँदैछ, त्यसले राजनीतिक दलहरूले ' हामी सुध्रने छैनौँ' भन्ने स्पष्ट सन्देश दिन पनि बाँकी राखेनन्। यसले युवाहरूमा अझै केही समय 'हेरौँ, के हुन्छ' भन्ने क्षणिक प्रतीक्षाको मनोविज्ञान पैदा गर्‍यो।

दोस्रो, युवाको कूटनीतिक थकान। शारीरिक रूपमा आन्दोलन लामो समय टिकाउ हुँदैन। परीक्षाहरू, काम-धन्दा, दैनन्दिन जिम्मेवारीले युवाहरूलाई केही समय पछाडि हट्न बाध्य बनायो ।

तेस्रो, सहज नेतृत्वको अभाव। संगठित नेतृत्व नभएकाले लामो समय आन्दोलन निरन्तर एकै स्वरूपमा चलिरहन कठिन हुन्छ। यही कारण आन्दोलन 'स्थिर' होइन, 'चञ्चल' बन्न पुग्यो। अब उनीहरू संगठित हुँदै जाँदा आन्दोलनको स्वरूप बदलिने तर नरोकिने देखिन्छ। फेरि पनि त्यही चञ्चलता नै भविष्यमा यसको ठूलो शक्ति बन्न सक्छ।

नेपालमा अहिले चुनाव समयमै हुन्छ कि हुँदैन भन्ने अन्योल व्यापक छ। राजनीतिक शक्ति-समीकरण, दलहरूबीचको अविश्वास, गठबन्धनभित्रको अस्थिरता र निर्वाचनका लागि आवश्यक कानुनी/प्रशासनिक तयारीहरूका कमी जस्ता कारणले चुनाव नै नहुन सक्छ भन्ने आशंका बढेको छ। सरकारलाई चुनाव लागेको देखिन्छ तर राजनीतिक दललाई पटक्कै चुनाव लागेको छैन। ताप्के नताती बिंड मात्रै तातेर खाना कहाँ पाक्छ र ?

हाम्रो जस्तो राजनीतिकै भरमा चल्ने राष्ट्रमा चुनाव नहुनु भनेको राजनीतिक वैधताको प्रश्न, संवैधानिक संकट, अर्थतन्त्रमा दीर्घकालीन अस्थिरता, सार्वजनिक विश्वासको पूर्ण क्षति र आन्दोलनको नयाँ चक्र जस्ता चुनौतीहरूको बाटो खोल्नु हो । यी कुराहरू कि त कसैले बुझेका छैनन् वा बुझेकाहरू पनि बुझ पचाइरहेका छन् ।

> नेतृत्वविहीन जेनजी आन्दोलनले पहिले नै देखाइसकेको छ, युवाहरु अब मौन बस्दैनन् । यदि चुनाव नै नहुने हो भने युवाहरुले उत्कृष्ट बहाना पाउनेछन् र भन्नेछन्, " हाम्रो अधिकार खोसियो, अब सडकमा निस्कनै पर्ने भयो ।" यसले आन्दोलनलाई नयाँ उचाइ, नयाँ स्वरुप र सम्भावित रुपमा अझ व्यापक जनसमर्थन प्रदान गर्न सक्छ ।

तोकिएको मितिमा चुनाव भएन भने वर्तमान सरकारको नेतृत्वको वैधता शून्यतिर लाग्छ। नेतृत्व नै अवैध देखिँदा अरु पक्षले पनि 'किन पालन गर्ने ?' भन्ने नागरिक मनोविज्ञान फैलिन थाल्छ र आन्दोलनको बीऊ यही नै हुनसक्छ। यस्तो आन्दोलनको नेतृत्व राजनीतिक दलले गर्ने सम्भावना समेत रहन्छ। यो स्थिति कुनै पनि राज्यका लागि खतरनाक संकेत हो ।

समयमा चुनाव नहुने वातावरण बन्दै जाँदा अर्थतन्त्र थप अन्धकार हुन्छ । राजनीतिक अनिश्चितताले लगानी रोक्छ, विदेशी सहयोग घटाउँछ, पर्यटन र बजार दुवै सुस्त पार्छ, निजी क्षेत्रको मनोबल कमजोर बनाउँछ । निजी क्षेत्र पहिले नै ऋण असुली, करको दबाब, महँगी, बैंकिङ संकट जस्ता कारणले थलिएको छ । अब चुनाव नहुने सम्भावना देखिँदा उनीहरू अझै बढी जोखिम उठाउन तयार हुने छैनन् ।

नेतृत्वविहीन जेनजी आन्दोलनले पहिले नै देखाइसकेको छ, युवाहरू अब मौन बस्दैनन्। यदि चुनाव नै नहुने हो भने युवाहरूले उत्कृष्ट बहाना पाउनेछन् र भन्नेछन्, 'हाम्रो अधिकार खोसियो, अब सडकमा निस्कनै पर्ने भयो।' यसले आन्दोलनलाई नयाँ उचाइ, नयाँ स्वरूप र सम्भावित रूपमा अझ व्यापक जनसमर्थन प्रदान गर्न सक्छ ।

त्यसपछि के हुन्छ, त्यसको कल्पना पनि अहिले नगरौँ। यति मात्रै भन्न सकिन्छ, निर्वाचन हुने छाँटकाँट छैन, र युवाहरूलाई निर्वाचन नहुने कार्य स्वीकार्य छैन। अनि विकल्प के त ?

सिनेमामा मध्यान्तर कतिपयलाई रमाइलो लाग्न सक्छ, कतिपयलाई नरमाइलो लागेर बाँकी भाग छाडेर हिँड्न सक्छन् । तर आन्दोलनको मध्यान्तर भने सधैँ खतरनाक हुन्छ, यसमा कसैले दुविधा नलिए हुन्छ। किनकि यो अवस्थामा युवाहरू शान्तजस्ता देखिए पनि उनीहरूभित्रको असन्तोष गहिरिँदै जान्छ, अपेक्षा बढ्दै जान्छ, निराशा गाढिँदै जान्छ, नेतृत्वप्रतिको अविश्वास चुलिँदै जान्छ र आर्थिक कठिनाइले युवामा झनै आक्रोश भरिन्छ ।

जब असन्तोष गहिरो र मौन बन्छ, तब अचानक ठूलो विस्फोट हुने सम्भावना बढ्छ। अहिलेको नेपालको स्थिति त्यही हो। अझ यो अवस्थामा बाहिरी तत्व पनि खेल्न आए भने? हामीले बुझ्नु पर्ने कुरा जेनजी आन्दोलन अहिले मौन असन्तोषको चरणमा छ, त्यसलाई विस्फोट हुनबाट रोकौँ ।

जेनजी आन्दोलनको मूल मनोविज्ञान पारदर्शी राजनीति, भ्रष्टाचार विरोधी कडा व्यवस्था, औसत नागरिकको जीवनस्तर सुधार, सुधारमुखी राष्ट्रवाद, विदेश पलायन रोक्ने वास्तविक अवसर, कार्यान्वयन हुने वाचामा टिकेको छ । युवाहरूलाई अब भाषणले प्रभावित पार्न सकिँदैन, उनीहरू नतिजा खोज्छन् । त्यसैले जेनजी आन्दोलन 'तात्कालिक नाराबाजी' होइन, बरु यो दीर्घकालीन सोच र परिवर्तनको चाहना हो ।

यो आन्दोलनले राजनीतिक नेतृत्वका लागि चार कडा सन्देश दिएको छ । अझ भनौँ, राजनीतिक नेतृत्वका लागि चेतावनी समेत दिएको छ। पहिलो, चुनाव नै वैधताको मेरुदण्ड हो, चुनाव नहुने हो भने नेतृत्वप्रतिको सम्मान स्वतः समाप्त हुन्छ । दोस्रो, युवाको आक्रोश कुनै दिन फुट्ने बाँध हो, सधैँ दबाएर राख्न खोज्नु बुद्धिमानी होइन, सकिन्न। तेस्रो, आर्थिक संकट राजनीतिक संकटभन्दा खतरनाक छ, जनतालाई भोक, बेरोजगारी, महँगीले सडकमा ल्याउँछ । गफ धेरै भयो, काम खै ? चौथो, समयमै सुधार गर्न सके अझै सम्भावना छ, सरकार र राजनीतिक दलले बुद्धि पुर्‍याउने हो भने संवादबाटै पारदर्शिता, सुधारका संरचना बलियो बनाउन सकिन्छ ।

### अब के हुन्छ?

अबका सम्भावित पाँच परिदृश्यहरू यसप्रकार छन् ः

क) तोकिएकै मितिमा चुनाव हुन्छ, देश फेरि शान्त, प्रभावकारी र संवैधानिक रूपमा चल्न थाल्छ ।

ख) तोकिएको मितिमा चुनाव हुन्न, फेरि अर्को मिति तोकिन्छ, आन्दोलन पुनः उठ्छ। तर यो पटक संगठित रूपमा उठ्छ ।

ग) कोही चुनाव नगर्ने वा हुन नदिने योजनामा भए संवैधानिक द्वन्द्व सुरु हुन्छ र फेरि संगठित आन्दोलन हुन्छ ।

घ) अर्थतन्त्र झनै कमजोर हुन्छ र फलस्वरूप जनताको असन्तोष तीव्र हुँदै आन्दोलनमा बदलिन्छ ।

ङ) नयाँ युवा नेतृत्व उदय हुन्छ जुन परम्परागत दलहरूको लागि गतिलो चुनौती हुनपुग्छ । यी परिदृश्यमध्ये एक वा बढी एकैसाथ पनि हुन सक्छन् ।

### आजको निष्कर्ष

जेनजी आन्दोलन अर्को चरण प्रवेश गर्नेछ र त्यो पहिलेको भन्दा अझ शक्तिशाली हुनेछ। जेनजी आन्दोलन सकिएको होइन, यो त सामयिक थकान र रणनीतिक प्रतीक्षा मात्र हो । आन्दोलनको ऊर्जा, मुद्दा र भावना तीनै यथावत् छन् ।

यदि राज्यले युवाको माग सुन्न, सुधार गर्न, र समयमै चुनाव गराउन असफल भयो भने, अर्को आन्दोलन, अझ व्यापक, अझ तीव्र, अझ दीर्घकालीन र रूपान्तरणकारी हुनसक्छ। त्यसैले नेपाल अहिले एउटा निर्णायक मोडमा उभिएको छ, अगाडि उज्यालो पनि छ र अन्धकार पनि ।

एउटा कुरा भने पक्का छ, युवाहरूको चेतना जागिसकेको छ र यो चेतना अब कहिल्यै निदाउँदैन। मध्यान्तरको त अन्त्य हुनेछ र दोस्रो अंक भने पक्कै सुरु हुनेछ।

तर के फागुनमा हुने भनिएको चुनावले माथिका सबै वा अधिकांश समस्याको समाधान गर्ला त ? त्यो पनि यही निर्वाचण प्रणालीले ? आउनुहोस् यसमा पनि छलफल सुरु गरौँ । नेपालखबरबाट साभार

# ‘सरकारको मुख्य कार्यभार निर्वाचन गराउनु हो’



कर्णाली । गृहमन्त्री ओमप्रकाश अर्यालले वर्तमान सरकारको मुख्य कार्यभार आगामी फागुन २१ गते प्रतिनिधिसभा सदस्यको निर्वाचन गराउनु रहेको बताउनुभएको छ।

गृह मन्त्रालय र कर्णाली प्रदेश सरकारको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयद्वारा आज सुर्खेतको वीरेन्द्रनगरमा आयोजित ‘कर्णाली प्रदेशस्तरीय सुरक्षा गोष्ठी’को उद्घाटन कार्यक्रममा गृहमन्त्री आर्यालले फागुन २१ गते निर्वाचन सम्पन्न गर्नेगरी सरकार गृहकार्यमा लागेको बताउनुभयो।

गृहमन्त्रीले भन्नुभयो, “हाम्रो मूल रणनीति कुनैपनि अवस्थामा द्वन्द्व हुन नदिने हो । मुलुकको सङ्कटपूर्ण अवस्थालाई सामान्यीकरण बनाउन शान्तिपूर्ण राजनीतिक वातावरणमा स्वच्छ र निर्भयपूर्ण प्रतिस्पर्धाका लागि निर्वाचनको तयारी गरिरहेका छौँ । संसद् विगठन भएको छ महिनाभित्र चुनाव हुनुपर्ने जनादेश भएकाले सुरक्षा चुनौतीलाई सुदृढ गर्दै निर्वाचन चुनाव सम्पन्न हुनेछ।”

जेनजीका आन्दोलनका सहिद पहिचान गरी सबैको नामावली राजपत्रमा प्रकाशन गरिएको जनाउँदै उहाँले सहिद परिवारलाई राहत प्रदानमा सरकार केन्द्रित रहेको बताउनुभयो।

गृहमन्त्री अर्यालले समृद्धि, विकास र सुशासन कायमका लागि जेनजीपुस्तालाई राजनीतिको मूलधारमा ल्याउनुपर्ने धारणा व्यक्त गर्नुभयो । उहाँका अनुसार जेनजीपुस्ता दल विशेषको नभई सबैका साझा जनशक्ति भएकाले यो पुस्ताको सिर्जनशीलता र प्रतिभालाई राष्ट्र विकसमा उपयोग गर्नुपर्नेमा जोड दिनुभयो।

कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री यामलाल कँडेलले प्रदेश सरकार शान्ति सुरक्षा कायम गर्दै सुशासनमा केन्द्रित रहेको बताउनुभयो । “सुरक्षा निर्देशन दिन सङ्घीय सरकारबाट आदेश लिनुपर्ने अवस्थाले पनि शान्ति सुरक्षामा प्रदेश सरकार सक्रिय रूपमा संलग्न हुन सकेको छैन”, उहाँले भन्नुभयो, “कर्णालीमा सुरक्षा जनशक्ति पनि दरबन्दी अनुसार छैन । यद्यपि, जनतालाई सुरक्षा प्रदान गर्न हामी प्रयासरत छौँ।”

मुख्यमन्त्री कँडेलले प्रदशेका सबै जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई प्रशासक मात्र नभई सुशासनको पहरेदारका रूपमा काम गर्न निर्देशन दिनुभयो। कर्णालीमा मनपरी भाडा असुली, असुरक्षित यात्रा, लागु पदार्थको प्रभाव र पछिल्लो समय दुर्व्यसनीको केन्द्रका रूपमा विकास भइरहेको अवस्थालाई गम्भीरताका साथ लिन र न्यूनीकरणका लागि प्रभावकारी कदम चाल्न उहाँले सङ्घीय सरकारसँग आग्रह गर्नुभयो।

गृह सचिव रामेश्वर दङ्गालले गोष्ठीमा समग्र कर्णाली प्रदेशको सुरक्षा अवस्था, चुनौती र समाधानका लागि अवलम्बन गरिएका उपाय, व्यवस्थापनका बारेमा जानकारी दिइदिने बताउनुभयो।

गोष्ठीमा प्रहरी महानिरीक्षक दानबहादुर कार्की, राष्ट्रिय अनुसन्धान विभागका निर्देशक टेकेन्द्र कार्की, कर्णाली प्रदेश सरकारका प्रमुख सचिव वीरेन्द्रकुमार यादव, सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल, नेपाली सेनाका रथी गणेशकुमार श्रेष्ठ, गृहमन्त्रालयका प्रवक्ता आनन्द काफ्ले, दश वटै जिल्लाका प्रमुख जिल्ला अधिकारी र सुरक्षा निकायका प्रमुखहरूको सहभागिता छ। रासस

# निर्वाचनको वातावरण बनाउन सरकार दलीय संवादमा

काठमाण्डु । सरकारले आसन्न निर्वाचनको वातावरण बनाउन प्रमुख राजनीतिक दलहरुसँगको वार्ता र संवादलातई तीव्रता दिएको छ । आगामी फागुन २१ गतेका लागि घोषित प्रतिनिधिसभा सदस्यको निर्वाचनलाई सफल बनाउन सरकारले नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिष्ट पार्टीलगायत राजनीतिक दलसँग चरणबद्ध वार्ता र छलफलमा जुटेको हो।

सोही प्रयोजनका निम्ति सरकारी वार्ता टोलीले प्रमुख तीन दलका कार्यालय अनुगमनका साथै नेताहरुसँग छलफल गरेको छ। सरकारले विभिन्न राजनीतिक दल र सरोकारवालासँग वार्ता गर्न गठित उच्चस्तरीय राजनीतिक संवाद समितिले मङ्गलबार कांग्रेस, एमाले र नेपाली कम्युनिष्ट पार्टीको कार्यालय पुगेर निर्वाचनको वातावरणका लागि वार्ता र संवाद गरेको हो।

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री अनील सिंहको संयोजकत्वमा गठित समितिमा सरकारका प्रवक्तासमेत रहनुभएका सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेल र प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार अजयभद्र खनालले जेनजी आन्दोलनका क्रममा क्षतिग्रस्त ती दलका कार्यालयको अनुगमनकासाथै दलहरुसँग निर्वाचनको माहोल बनाउनेबारे कुराकानी गर्नुभयो।

गत भदौमा भएको जेनजी आन्दोलनका क्रममा क्षतिग्रस्त राजनीतिक दलका कार्यालय अवलोकन गर्ने क्रममा मन्त्री सिन्हा र मन्त्री खरेलले प्रमुख दलका मागका विषयमा सरकार गम्भीर रहेको बताउनुभएको थियो। उहाँहरू



सानेपास्थित नेपाली कांग्रेस, ललितपुरको च्यासलमा रहेको नेकपा (एमाले) र पेरिसडाँडास्थित नेपाली कम्युनिष्ट पार्टीको कार्यालय पुगी त्यहाँ भएको क्षतिको विवरण लिनुका साथै दलका प्रतिनिधिसँग छलफल गर्नुभएको थियो।

सरकारका मन्त्रीहरूले मुलुकका प्रमुख राजनीतिक दलको कार्यालयमा पुगेर संवाद गरी उहाँहरूबाट उठाइएका विषय सरकारसमक्ष पुऱ्याउने प्रतिबद्धता पनि व्यक्त गर्नुभएको छ।

तीनवटै राजनीतिक दलको कार्यालय अनुगमन र सम्बन्धित दलका नेताहरुसँगको संवादपछि सरकारका प्रवक्ता एवं सञ्चारमन्त्री खरेलले निर्वाचनको वातावरण बनाउनका लागि गरिएको दलहरुसँगको वार्ता र संवाद उपलब्धिमूलक रहेको र यसले निर्वाचनलाई सुनिश्चित गरेको बताउनुभयो।

सरकार इमान्दारीकासाथ निर्वाचन गराउन खोजिरहेको छभन्ने स्पष्ट सन्देश प्रवाह गर्न आफूहरू राजनीतिक दलका कार्यालयले पुगेर संवाद गरेको उहाँले बताउनुभयो । सञ्चारमन्त्री खरेलले भन्नुभयो, “निर्वाचनका लागि यो राजनीतिक दललाई सकारात्मक दबाब हो, हामी चुनाव चाहन्छौँ, चुनावको तयारी यो गरेका छौँ भन्ने स्पष्ट सन्देश हो।” निर्वाचनमा भाग लिनुहोस् भनेर सरकार राजनीतिक दलको कार्यालयमा पुगेको यो नै पहिलो पटक भएको बताउँदै सञ्चारमन्त्री खरेलले यसबाट सरकार निर्वाचन गराउन कति प्रतिबद्ध छ भन्ने स्पष्ट सन्देश हो भन्नुभयो।

नेपाली कम्युनिष्ट पार्टीको कार्यालय अवलोकनका क्रममा सो पार्टीका संयोजकले पदाधिकारीका तर्फबाट स्पष्ट कुरा आएको उल्लेख गर्दै उहाँले भन्नुभयो, “संसद् पुनःस्थापना गर्न हुँदैन, अब चुनावमै जानुपर्छ भन्नुभएको छ ।” जेनजीले उठाएका माग सम्बोधन भएन भने थप जटिलता हुनेतर्फ आफूहरूलाई भनेको उल्लेख गर्दै उहाँले नेकपाले स्पष्ट रुपमा निर्वाचनमा जानुपर्ने धारणा राखेको जानकारी दिनुभयो।

मन्त्री खरेलले सरकार, राजनीतिक दल र जनता निर्वाचनको बाटोमा होमिनुपर्छ भन्नेमा सबै राजनीतिक दल निर्वाचनमा जानेमा सबै स्पष्ट रहेको आफूहरूले पाएको स्पष्ट पार्नुभयो। उहाँले राजनीतिक दलका नेताहरूलाई सरकार निर्वाचन गराउन प्रतिबद्ध रहेको विश्वास दिलाएको बताउनुभयो । उहाँले भन्नुभयो, “सरकारले निर्वाचनको वातावरण बनाउँछ, अब निर्धारित मितिमा चुनाव हुन्छ।”

नेकपा कार्यालय पेरिसडाँडामा भएको छलफलपछि मन्त्री सिन्हाले आन्दोलनका क्रममा भागेका अधिकांश कैदीबन्दी पक्राउ र लुटिएका धेरै हतियार बरामद भएकाले सङ्गठित रूपमा अपराध हुनसक्ने कुनै सम्भावना नरहेको तथा निर्वाचनको वातावरण बन्दै गएको विश्वास दिलाउनुभयो । उहाँले राजनीतिक संवादमार्फत निर्वाचनमा जानुको विकल्प नरहेको जनाउँदै लोकतन्त्र पुनःस्थापित गरी संविधानको मर्म र भावना प्रतिनिधिसभाको निर्वाचन गरी अघि बढ्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

मन्त्री सिन्हाले भन्नुभयो, “आन्दोलनका क्रममा दलका भौतिक संरचना के-कति क्षति भए, कसरी पुनर्निर्माण भएको भइरहेको छ त्यो हेर्न आएका हौँ । दलका पदाधिकारीसँगको छलफलमा निर्वाचन सुरक्षाबारे विभिन्न प्रश्न उठेका छन्। तर चुनावको विकल्प छैन भन्नेमा विवाद छैन।”

छलफलका क्रममा केही सुरक्षा र केही नेताहरूसँगको विषयको प्रश्न उठेको बताउँदै उहाँले प्रमुख दलहरूको सम्पर्क तल्लो तहसम्म भएकाले एक पटक चुनावी नारा तलसम्म पुऱ्याएर चुनावी वातावरण बनाउन अनुरोध गरिएको जानकारी दिनुभयो। सरकारले मन्त्री सिन्हाको संयोजकत्वमा गठित राजनीतिक वार्ता समितिले निर्वाचन आयोगको तयारी सम्बन्धमा मुख्य दलकै कार्यालयमा गएर छलफल निर्णयअनुरूप उहाँहरू त्यहाँ जानुभएको हो।

मङ्गलबार नै राष्ट्रपति कार्यालय शीतल निवासमा राष्ट्रपति रामचन्द्र पौडेलको उपस्थितमा प्रधानमन्त्री सुशीला कार्की तथा नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, नेकपा एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र नेपाली कम्युनिष्ट पार्टीका संयोजक एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ सहितको बैठक भएको थियो । उक्त बैठकले फागुन २१ गते हुने निर्वाचन सम्पन्न गर्नका लागि वातावरण बनाउने समझदारी भएको राष्ट्रपति कार्यालयले जनाएको छ। रासस

# जेनजी आन्दोलनमा क्षतिग्रस्त आश्रममा किसुनजीको १०२औँ जन्मजयन्ती

ललितपुर । विगतका वर्षमा जस्तो ललितपुरको बाँडेगाउँस्थित पूर्वप्रधानमन्त्री कृष्णप्रसाद भट्टराई अर्थात् किसुनजीको आश्रममा मङ्गलबार चहलपहल थिएन।

गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा भएको आक्रमणमा यो आश्रम ध्वस्त भएपछि त्यसयता आश्रम सुनसान छ। आगजनी र तोडफोडपछि आश्रम भग्नावेशष अवस्थामा छ।


त्यसैले पुस ८ गते पर्ने भट्टराईको जन्मजयन्ती र स्मृति दिवसमा आश्रमको गेट बन्द थियो । आश्रममा विगतमा जस्तो कुनै विशेष कार्यक्रम आयोजना गरिएको थिएन । कुनै राजनीतिक दलका नेता तथा व्यक्तित्वहरुको उपस्थिति थिएन।

आश्रमको ताला लगाउने ठाउँमा बेरिएको तार, आश्रम परिसरमा आगजनी गरिएका दुईवटा सवारी अलपत्र थिए । आश्रमको सिसा फुटाइएका झ्याल, ट्रष्ट फ्याँकिएको कार्यक्रमस्थल मात्रै बाँकी थिए।

आश्रम अगाडि रहेको किसुनजीको शालिक तोडफोड गरिएको अवस्थामा थियो । लोकतन्त्रका लागि जेल जीवन बिताएका, सत्ता होइन सिद्धान्त रोजेका नेताको स्मृतिस्थलको यो हालत जो कोहीलाई पनि भावविह्वल बनाउने किसिमको थियो।

विसं १९८१ पौष कृष्ण द्वादशीका दिन भारतको बनारसमा जन्मनुभएका कृष्णप्रसाद भट्टराईको जीवन नेपालको आधुनिक राजनीतिक इतिहास हो भन्नुहुन्छ, पूर्वसांसद प्राध्यापक होमराज दाहाल।

“राणा प्रधानमन्त्री वीर शम्शेरको वक्रदृष्टिका कारण परिवार बनारस निर्वासित हुनुपरेको थियो, त्यही परिवेशले उहाँलाई राजनीतितर्फ डोहोऱ्यायो, सन् १९४२ को ‘अङ्ग्रेज भारत छोडो’



आन्दोलनमा सक्रिय सहभागी बनेर पहिलो पटक जेल परेका भट्टराई विद्यार्थी जीवनदेखि नै राजनीतिक चेतनाका संवाहक हुनुहुन्थ्यो”, प्राध्यापक दाहालले भन्नुभयो। बनारस हिन्दू विश्वविद्यालयमा अध्ययनरत रहँदा नेपाल छात्र सङ्घको उपाध्यक्ष बनेर नेपाली युवामा राजनीतिक जागरण फैलाउनुभएका सन्तनेता विसं २००३ मा अखिल भारतीय नेपाली राष्ट्रिय कांग्रेस गठन हुँदा महामन्त्री बन्नुभएको थियो। पछि नेपाली राष्ट्रिय कांग्रेस र नेपाल प्रजातन्त्र कांग्रेस एकीकरण भएर बनेको नेपाली कांग्रेसका सहमहामन्त्री हुनुभएको थियो।

विसं २००७ को सशस्त्र क्रान्तिमा जनकपुर-उदयपुर कब्जा गर्ने मुक्ति सेनाका कमाण्डरका रूपमा उहाँको भूमिका इतिहासमा दर्ज छ । विसं २०१७ पुस १ गते राजा महेन्द्रको ‘कू’ पछि थापाथलीबाट बिपी कोइरालासँगै पक्राउ पर्नुभएका भट्टराईले लगातार १० वर्ष जेल जीवन बिताउनुभएको थियो । जीवनभर गरेर १४ वर्षभन्दा बढी समय जेलमै बिताएका उहाँले निर्वासन कहिल्यै रोज्नुभएन।

विसं २०५० मा स्नातकोत्तर अध्ययनका क्रममा आफूले भट्टराईको राजनीतिक जीवनीमा शोधपत्र तयार गरेको बताउनुहुन्छ प्राध्यापक होमराज दाहाल। अहिंसात्मक आन्दोलनबाटै प्रजातन्त्र सम्भव छ भन्ने दृढ विश्वास शन्त नेताको राजनीतिक कर्मको मूल आधार थियो।

जेलमुक्त भएको केही समयमै २०२७ वैशाख ६ गते नेपाल विद्यार्थी सङ्घको स्थापना समारोह उद्घाटन गरेर विद्यार्थी आन्दोलनलाई ऊर्जा दिनुभएका भट्टराईलाई २०३४ को पटना सम्मेलनपछि बिपी कोइरालाले स्वास्थ्य कारण देखाउँदै कांग्रेसको कार्यवाहक सभापतिको जिम्मेवारी दिनुभएको थियो।

पूर्वमन्त्री एवं नेपाली कांग्रेसका नेता ओमकारप्रसाद श्रेष्ठ भन्नुहुन्छ, “बिपीको निधनपछि पनि करिब डेढ दशकसम्म किसुनजीले कार्यवाहक सभापतिकै रूपमा पार्टीको नेतृत्व गर्नुभयो, जनआन्दोलनका सभापति, २०४७ मा अन्तरिम प्रधानमन्त्री, २०४६ को जनआन्दोलन घोषणासभा, क्षेत्रपाटी सम्मेलनको सभापतित्व किसुनजीले नै गर्नुभएको थियो।” आन्दोलन सफल भएपछि एक वर्षभित्र संविधान निर्माण र निर्वाचन सम्पन्न गर्ने जिम्मेवारी सफलतापूर्वक पूरा गरेर उहाँले सत्ता होइन दायित्व प्राथमिकतामा राख्ने उदाहरण प्रस्तुत गर्नुभएको उहाँको भनाइ छ।

> “राणा प्रधानमन्त्री वीर शम्शेरको वक्रदृष्टिका कारण परिवार बनारस निर्वासित हुनुपरेको थियो, त्यही परिवेशले उहाँलाई राजनीतितर्फ डोहोऱ्यायो, सन् १९४२ को “अङ्ग्रेज भारत छोडो” आन्दोलनमा सक्रिय सहभागी बनेर पहिलो पटक जेल परेका भ राई विद्यार्थी जीवनदेखि नै राजनीतिक चेतनाका संवाहक हुनुहुन्थ्यो”

आफू प्रधानमन्त्री हुँदा गराएको २०४८ को निर्वाचनमा उहाँ आफैँ पराजित हुनुभयो। विसं २०१५ मा गोर्खा र विसं २०५१ मा काठमाडौँ क्षेत्र नं. १ बाट पनि पराजय भोग्नुभयो। तर पराजयले पनि उहाँको राजनीतिक उचाइ घटेन, बरु शन्त नेताको छवि झन् प्रखर बनायो।

भट्टराई अविवाहित रहनुभयो । प्रधानमन्त्रीबाट राजीनामा दिएर बाहिरिँदा छाता र कमण्डलु बोकेर हिँड्नु भएको उहाँको जीवनशैली राजनीतिमा दुर्लभ मानिन्छ । विसं २०४८ को निर्वाचनमा पराजित भएपछि बालुवाटार छोडेर छाता हातमै लिएर पैदल निस्किएको दृश्य आज पनि राजनीतिक नैतिकताको प्रतीक झैँ सम्झिन्छन् धेरैले।

विसं २०६७ फागुन २० गते राति ११ बजेर २६ मिनेटमा काठमाडौँको नर्भिक अन्तरराष्ट्रिय अस्पतालमा उहाँको निधन भयो। रासस

# निर्वाचन ७१ दिन बाँकीः
# चुनावी गतिविधि तीव्र, समानुपातिकतर्फको बन्द सूची तयार पार्दै दलहरु

काठमाण्डु । प्रतिनिधिसभा सदस्यको निर्वाचनको मिति नजिकिँदै जाँदा राजनीतिक दलहरुले आन्तरिक तयारीलाई तीव्र पारेका छन् । निर्वाचन आयोगले राष्ट्रियसभा र प्रतिनिधिसभा सदस्य निर्वाचनको कामलाई एकैसाथ अगाडि बढाएको छ।

आयोगले आगामी माघ ११ गते हुने राष्ट्रियसभा सदस्य निर्वाचनका लागि जिल्ला न्यायाधीशलाई निर्वाचन अधिकृत नियुक्त गरिसकेको छ । यसैगरी प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि समानुपातिकतर्फको उम्मेदवारको बन्दसूची पेस गर्ने समयसीमा नजिकिँदै गर्दा राजनीतिक दलले आन्तरिक तयारी तीव्र पारेका हुन्।



विघटित प्रतिनिधिसभामा रहेका राजनीतिक दल र नयाँ दर्ता भएका सबै दलले समानुपातिक सूची तय गर्न आवश्यक राजनीतिक छलफल तथा तयारी गरिरहेका छन्। मङ्गलबार मात्रै राष्ट्रपति रामचन्द्र पौडेलले प्रधानमन्त्री सुशीला कार्की, प्रमुख तीन राजनीतिक दलका शीर्ष नेतासँग छलफल गर्नुभएको थियो । सरकारले निर्वाचनका लागि आवश्यक तयारी गरेको, आयोगले तयारीलाई तीव्र पारेका कारण क्रमशः वातावरण बन्दै गएको छ। निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार प्रतिनिधिसभाको निर्वाचनका लागि ९३ दलले समानुपातिक सूचीमा रहन निवेदन दिएका छन। आयोगले समानुपातिक निर्वाचन प्रणालीतर्फ सहभागी हुने राजनीतिक दलका लागि कार्यतालिका बनाइसकेको छ।

दलहरूले नयाँ प्रतिशतका आधारमा समावेशी समूह मिलाएर आगामी पुस १३ र १४ गते उम्मेदवारको बन्दसूची पेस गर्ने समयसीमा तोकिएको छ। आयोगले समानुपातिकतर्फको उम्मेदवार छनोटका लागि राजनीतिक दललाई आवश्यक तालिम दिएको छ । यसबाट समानुपातिकतर्फको प्रतिशत निर्धारण एवं जनसङ्ख्याका आधारमा बदलिँदो व्यवस्थाअनुसार काम गर्न सहज हुनेछ।

आयोगले राष्ट्रिय जनगणना, २०७८ अनुसार जनसङ्ख्याका आधारमा समानुपातिकतर्फको प्रतिशत निर्धारण गरेको छ। जनगणनामा समावेशीतर्फका केही समूहमा जनसङ्ख्या थपघट भएको सोहीअनुसारको प्रबन्ध गरिएको छ। रासस






# सन् २०२५: अमेरिकी चर्चाको फेरोमा विश्व राजनीति

वाशिंगटन । अघिल्लो वर्ष जस्तै यो यस वर्ष सन् २०२५ मा पनि विश्व राजनीतिको चर्चाको केन्द्रमा संयुक्त राज्य अमेरिका नै रह्यो । अघिल्लो वर्ष अमेरिकाको राष्ट्रपतीय चुनावी दौडमा पुनः पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्प नै सहभागी हुने चर्चाले विश्वको राजनीतिक बजार ओगटेको थियो भने यस वर्ष उहाँको ह्वाइट हाउस पुनरागमन र 'अमेरिका फर्स्ट' नीतिले ।



तर दोस्रो कार्यकालका लागि उहाँको चुनावी दौडको साइत तय हुँदै गर्दा गरिएका कतिपय अनुमान भने उहाँको सत्तारोहणपछि सत्यको नजिक पुग्न सकेनन् । विश्व राजनीतिको एक ' हट सिट' मानिने अमेरिकाको राष्ट्रपतिमा ट्रम्प पुगेपछि उहाँले सुरु गर्नुभएको एक प्रकारले भन्नुपर्दा 'ट्रान्ज्याक्सनल' जस्तो देखिने कूटनीतिले ती अनुमानका विपरीत बल प्रदान गरेको देखिएको हो ।

यस वर्षको विश्व राजनीतिक परिदृश्यको चर्चाको शिखरमा अमेरिकी राष्ट्रपतिमा ट्रम्पको पुनरागमन त उक्लियो नै, यसका अतिरिक्त युरोप र एसियाका महत्त्वपूर्ण नेतृत्व परिवर्तन, मध्यपूर्वमा जारी द्वन्द्वमा देखिएको सकारात्मक गतिशीलता पनि चर्चामै रहे ।

अमेरिकी राष्ट्रपति ट्रम्पले देशभित्र र अन्य देशमा गरेको भन्सार तथा कर वृद्धिले उहाँको कार्यकालको सुरुआती समयमा निकै चर्चा बटुल्यो । खासगरी विदेशी सामान आयातमा बढाएको भन्सारले 'ट्रान्ज्याक्सनल डिप्लोमेसी' को प्रवर्द्धन गर्न खोजेको भए पनि कतिपय देशसँगको सम्बन्धका परम्परागत दायरा र विश्वासहरूमा भने धक्का दिन पुग्यो । जसलाई पछि विभिन्न रणनीतिमार्फत् विश्वास निर्माणको काम उहाँले नै गर्नुपर्‍यो ।

यसकारण पनि उहाँ दोस्रो पटक ह्वाइट हाउसको यात्रा तय गरिरहँदा गरिएका विश्लेषकहरूका पूर्वानुमानहरू तथ्यको नजिक पुग्न नसकेको हो । दोस्रो विश्वयुद्धताका जति धेरै कर बढायो देशमा त्यति नै धेरै राजस्व उठ्छ भन्ने नीति आज मेल नखान पनि सक्छ भन्ने तथ्य स्थापित नै भएको छ । उहाँले वृद्धि गरेका करका दायराहरूले अमेरिका बाहिरको कूटनीति र भित्रको राजनीतिमा सुरुका दिनमा उथलपुथल त ल्यायो, तर त्यसले अहिलेसम्म पनि अमेरिकालाई सकारात्मक सर्किट लाग्न दिएको छैन ।

उहाँले आफू केन्द्रित 'अमेरिका फर्स्ट' नीति यसैमार्फत् स्थापित गर्ने प्रयत्न भने गरिरनुभएको छ । विदेशी सामान आयातमा लगाइएको चर्को भन्सारको अर्थ अमेरिकामै आएर उद्योग खोल, त्यहीँको अर्थतन्त्रको आकार बढाऊ र त्यहीँ रोजगारीका अवसर सिर्जना गरिदेऊ भन्ने पनि हो । उहाँले अमेरिकाको ४७औँ राष्ट्रपतिको सपथसँगै सार्वजनिक गर्नुभएका थप रोजगारी सिर्जनाका प्रतिबद्धतामा त्यो नीतिले टेवा पुऱ्याउन सकोस् भन्ने ध्येय भने स्पष्टै देखिन्छ । उहाँको यो दोस्रो कार्यकालको 'अमेरिका फर्स्ट' नीतिका सहयोगी सारथिमा उल्लेखनीय कर वृद्धिका साथसाथै आप्रवासीहरूको सामूहिक निर्वासन र वातावरणीय नीति नियमहरूको पुनरावलोकन पनि हुन् ।

तर यो अमेरिकी आर्थिक कूटनीतिको परिधिबाट बाहिरिएर हेर्दा उहाँको सक्रियताले अघि बढेको इजरायल-हमास युद्धविरामको सन्देश भने विश्व राजनीतिमा सकारात्मक छ । यो युद्धविरामसँगै अघि बढेको योजनाले तत्कालका लागि मात्र नभएर दीर्घकालीन रुपमा नै शान्तिको सास फेर्न पाइने आधारहरू भने तय भएको देखिन्छ । भोलिका दिनमा त्यो कार्ययोजनाको कार्यान्वयन भने इमानदार रूपमा हुनु जरुरी छ ।

करिब दुई वर्ष पुराना बन्धक रिहाइसँगै भएको इजरायल-हमास युद्धविरामले त्यस क्षेत्र मात्र नभएर मध्यपूर्वी द्वन्द्वहरूका मार्गमा पनि उल्लेखनीय परिवर्तन ल्याउन सहयोग पुऱ्याएको भन्न सकिन्छ । यो ' डिल' मा राष्ट्रपति स्वयंको उपस्थितिले पनि विश्वमै चर्चा पायो र यसैले उहाँलाई विश्वको प्रतिष्ठित नोबेल शान्ति पुरस्कार प्राप्तिसम्मको यात्रा समेत तय गर्न सक्नेसम्मका बहसलाई स्थान दियो । शान्ति पुरस्कारको त्यो चर्चाले दीर्घरोगका रूपमा रहेका अन्यत्रका यस्तै द्वन्द्वका घाउहरूमा पनि सायद उहाँको अग्रसरताको प्रतीक्षा हुनसक्ने इङ्गित गरिरहेको कतिपयको विश्लेषण पनि छ ।

उता रुस-युक्रेनबीच विगत लामो समयदेखि जारी युद्ध रोक्न राष्ट्रपति ट्रम्पले अघि सारेको २८ बुँदे 'फ्रेमवर्क' सहितको प्रस्ताव पनि यो वर्षको अर्को चर्चित राजनीतिक घटना हो । यस 'फ्रेमवर्क'मा युक्रेनको सुरक्षाको सुनिश्चितादेखि युक्रेनले जमिन छोड्नुपर्ने, सेनाको सङ्ख्यामा कटौती गर्नुपर्ने र नाटो सैन्यलाई युक्रेनमा परिचालन नगर्ने सम्मका योजना समेटिएका छन् ।

युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले सुरुआती सहमति जनाएको यो प्रस्तावमाथि अमेरिका र रुसको पूर्ण सहमति आएको त छैन, तर ट्रम्प प्रशासनले यो प्रस्तावअनुसार दुवै पक्षले सम्झौता गर्नुपर्ने मत भने राखेको छ । तर युक्रेनले आफ्नो आकार सीमित पार्नुपर्ने विषयमा भने देशभित्र र बाहिर व्यापक चर्चा परिचर्चा भएको छ ।

यदि यो प्रस्ताव अघि बढेमा भोलि नाटोलाई युक्रेनमा कुनै सैनिक पठाउने अनुमति नहुने र युक्रेनले डोनेस्क क्षेत्र छाड्नुपर्ने विषय अन्यका तुलनामा बढी पेचिलो बनेको छ । यो यस्तो क्षेत्र हो जहाँ ११ वर्षदेखि जारी युद्धका बाबजुद पनि रुसले पूर्ण रूपले कब्जा जमाउन सकेको छैन ।

विश्लेषकहरू यो एक प्रकारको शान्ति सम्झौताजस्तै हो भन्छन् । यदि यो कार्यान्वयनमा आएमा युक्रेन भविष्यमा पनि नाटोमा सामेल हुने छैन । उता यसपछि अमेरिकाले रुसमाथि लगाएको प्रतिबन्धहरूलाई पनि चरणबद्ध रूपमा हटाउँदै लैजाने छ । साथै यसबाट पश्चिमा देशमा कब्जा गरिएको रुसी सम्पत्तिबाट एक सय अर्ब अमेरिकी डलर बराबरको रकम युक्रेनको पुनर्निर्माणका लागि दिइने व्यवस्था पनि यसमा छ ।

अमेरिकी अधिकारीहरूले दुवै पक्षको सल्लाह लिएर यो योजना तयार पारेको बताए पनि युक्रेनी अधिकारीहरू यसमा सामेल भइसकेका भने छैनन् । राष्ट्रपति ट्रम्पको गाजा युद्धविरामको सफलतापछि रुस-युक्रेन युद्ध समाप्तिको यो खाका तयार पारिएको अमेरिकी अधिकारीहरू नै बताउँछन् । तर यस सम्भावित योजनालाई एकै पटक नभएर चार भागमा बाँडेर कार्यान्वयनमा ल्याइने प्रस्ताव गरिएकाले विस्तारै कार्यान्वयनमा आउन सक्ने सम्भावना अझै मरिसकेको छैन ।

यदि त्यसो भयो भने दशकभन्दा लामो दुई देशको युद्ध र हजारौँ मानिसको ज्यान गइसकेको यो हिंसाको अन्त्य हुनेछ । अनि यसलाई राष्ट्रपति ट्रम्पको द्वन्द्व समाधानको गाजापछिको अर्को सफल उदाहरणका रुपमा लिन पनि सकिनेछ ।

> राष्ट्रपति यून निलम्बित हुनुभयो । त्यसपछिको उहाँको राजनीतिक भविष्यको फैसलाका लागि दक्षिण कोरियाको संवैधानिक अदालतलाई संसद्ले जिम्मा लगायो ।

अघिल्लो वर्षको अन्त्यतिर दक्षिण कोरियाका राष्ट्रपति यून सुक यउलले देशमा अकस्मात 'मार्शल ल' घोषणा गर्नुभयो । त्यो कुनै छलफलमै नआएको उहाँको अकस्मात निर्णय थियो । त्यसलगत्तै उहाँका विरुद्धमा दक्षिण कोरियाको संसद्ले महाअभियोग प्रस्ताव ल्यायो र दोस्रो पटकमा त्यो पारित भयो ।

राष्ट्रपति यून निलम्बित हुनुभयो । त्यसपछिको उहाँको राजनीतिक भविष्यको फैसलाका लागि दक्षिण कोरियाको संवैधानिक अदालतलाई संसद्ले जिम्मा लगायो । यो घटनाले यस वर्ष विश्वमा राम्रै चर्चा बटुलेको थियो ।

सन् २०२५ सुरु हुनुभन्दा केही दिन अघि सिरियामा दशकौँदेखि सत्ताको केन्द्रमा रहेका राष्ट्रपति बसर अल असदले देश छोडेर भागेको समाचार पनि यस वर्षको अर्को चर्चित राजनीतिक घटना हो । उहाँका विरुद्धमा सिरियामा दशकभन्दा लामो समयदेखि आन्दोलन चलेको थियो । पछि त्यो आन्दोलनले गृहयुद्धको रुप लिँदा त्यहाँ लाखौँ नागरिकको ज्यान जानुका साथै देश छोडेर भागे । पछिल्लो समय भने विद्रोही समूह र सेनाबीच भिडन्त चलिरहेको थियो । यसैक्रममा विद्रोही लडाकूहरू राजधानी दमास्कस प्रवेश गरेपछि असदले देश छोडेर भाग्नुपरेको थियो ।

राष्ट्रपति असद भागेर रुस पुगेपछि त्यहाँ सुरु भएको राजनीतिक सङ्क्रमणले भने छिट्टै निकास पाएको थियो । यसै वर्ष सिरियामा संसद्को निर्वाचन भयो र प्रजातान्त्रिक तवरबाट सत्ता हस्तान्तरणको काम पनि भएको छ । यसलाई सिरियाली जनताले ऐतिहासिक क्षण भनेका छन् । रासस

# फ्रान्समा शटडाउन रोक्ने विधेयक पारित

फ्रान्स । फ्रान्सको संसद्ले मङ्गलबार अमेरिकी शैलीको सरकारी शटडाउन हुन नदिन तयार पारिएको एक आपतकालीन विधेयक पारित गरेको छ । सन् २०२६ को बजेटबारे वार्ता जारी रहँदा अर्को हप्तादेखि सरकारी कामकाज अवरुद्ध हुने सम्भावना देखिएपछि यो विधेयक ल्याइएको हो ।

नयाँ वर्ष सुरु हुन केही दिन मात्र बाँकी रहँदा राष्ट्रपति इमानुएल म्याक्रोन र उहाँको मन्त्रिपरिषद् सोमबार राति संक्षिप्त मस्यौदा कानून प्रस्तुत गर्न बैठकमा बसेको थियो । मन्त्रिपरिषद्का अनुसार उक्त विधेयकको उद्देश्य 'राष्ट्रिय जीवनको निरन्तरता र सार्वजनिक सेवाहरूको नियमित सञ्चालन सुनिश्चित गर्नु' हो । यसअन्तर्गत कर सङ्कलनलाई निरन्तर राख्ने र सन् २०२५ को बजेटमा तय गरिएका कर तथा खर्चको स्तरका आधारमा स्थानीय निकायहरूलाई कोष वितरण गर्ने व्यवस्था समावेश गरिएको छ ।



फ्रान्सेली संसद्को शक्तिशाली तल्लो सदन राष्ट्रियसभामा सांसदहरूले विधेयकमा केही संशोधन गरेपछि मङ्गलबार साँझ अनुमोदनका लागि मतदान गरेका थिए । त्यसपछि माथिल्लो सदन सिनेटले पनि यसलाई पारित गरेको छ । मरिन ले पेनको अति-दक्षिणपन्थी नेसनल र्‍याली, वामपन्थी शक्तिहरू र राष्ट्रपति म्याक्रोनको मध्यमार्गी अल्पसङ्ख्यक सरकारबीच गहिरो राजनीतिक विभाजन रहे पनि विधेयक पारित हुन सफल भएको हो ।

अब अझ चुनौतीपूर्ण चरण बाँकी छ । सन् २०२६ का लागि पूर्ण र दीर्घकालीन बजेट तयार पार्नु र नयाँ राजनीतिक सङ्कटबाट देशलाई जोगाउनु सरकारका लागि ठूलो परीक्षा बन्नेछ ।

अर्थमन्त्री रोलान्ड लेस्क्योरले सांसदहरूलाई सम्बोधन गर्दै यो आपतकालीन कानूनलाई 'अतिरिक्त टायर' जस्तै भएको बताउनुभयो । उहाँले वास्तविक बजेट निर्माणका लागि छिटो काम गर्न आग्रह गर्दै लामो समयसम्म यस्ता अस्थायी उपायमा भर पर्नु 'फ्रान्सेली अर्थतन्त्रलाई गम्भीर रूपमा कमजोर पार्ने जोखिम' हुने चेतावनी दिनुभयो ।

राष्ट्रपति म्याक्रोन बजेट घाटालाई कुल गार्हस्थ उत्पादन (जिडिपी) को पाँच प्रतिशतसम्म सीमित गर्न र लगानीकर्ताहरूको विश्वास पुनःस्थापित गर्न प्रयासरत हुनुहुन्छ । लामो समयदेखि जारी राजनीतिक गतिरोध र गत वर्ष उहाँले अचानक आमनिर्वाचन घोषणा गर्नुभएको निर्णयपछि उत्पन्न अस्थिरताले अर्थतन्त्रमा दबाब बढाएको छ ।

फ्रान्समा उदार सामाजिक कल्याण कार्यक्रम, स्वास्थ्य सेवा र शिक्षामा आधारित सार्वजनिक खर्च अत्यन्तै उच्च छ । यस्ता खर्च धान्न करको भार पनि भारी छ, तर त्यसले सबै लागत पूर्ति गर्न नसक्ने अवस्था देखिँदै आएको छ ।

यसअघि राजीनामा दिनुभएका प्रधानमन्त्री सेबास्टियन लेकोर्नु यस शरद ऋतुमा पुनः नियुक्त हुनुभएको थियो । गत हप्ता सन् २०२६ को बजेटमा सहमति जुटाउने अघिल्लो प्रयास असफल भएपछि उहाँले मङ्गलबार सबै राजनीतिक पक्षलाई बिदाको समयमा समेत वार्तामा सक्रिय भएर काम गर्न आग्रह गर्नुभएको थियो ।

## युद्ध अन्त्य गर्ने अमेरिका-युक्रेनको योजनामा केही राहत मिल्ने जेलेन्स्कीको भनाइ

रूसी आक्रमण अन्त्य गर्न अमेरिकी नेतृत्वको मस्यौदा योजनाको पछिल्लो संस्करणमा युक्रेनले केही राहत मिल्ने देखिएको युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले बताउनुभएको छ । युरोपेली सङ्घ (इयू) र र मस्कोले नयाँ सर्तहरू स्वीकार गर्छन् कि गर्दैनन् भन्ने बिषयमा उनीहरूको धारणा सार्वजनिक भइसकेको छैन ।

अमेरिका र युक्रेनी वार्ताकारहरूले सहमति गरेको २० बुँदे योजनाको मस्कोले समीक्षा गरिरहेको बताएको छ तर क्रेमलिनले पूर्वबाट पूर्ण युक्रेनी फिर्तीको लागि आफ्नो कडा क्षेत्रीय मागलाई छोड्ने कमै सम्भावना छ ।

कागजातमा केही बुँदाहरू आफुलाई मन नपरेको पनि नेता जेलेन्स्कीले बताउनुभयो ।

किएभले युक्रेनलाई डोनेट्स्क क्षेत्रबाट फिर्ता लिन वा मस्कोको सेनाले कब्जा गरेको भूमिलाई रूसको रूपमा मान्यता दिने बुँदाहरू हटाउन सफल भएको छ ।

किएभले नेटो सदस्यताको माग त्याग्नु पर्छ भन्ने रूसी मागलाई पनि नयाँ योजनाबाट हटाइएको नेता जेलेन्स्कीले बताउनुभयो ।

कागजातमा नेटो सदस्यता त्याग्नुपर्ने रूसी मागलाई उल्लेख गरिएको छैन । यो प्रस्तावले अझै पनि युक्रेनले केही सेनाहरू फिर्ता गर्ने बिषयमा मार्ग प्रशस्त गर्दछ र उसले नियन्त्रण गरेको डोनेट्स्क क्षेत्रको २० प्रतिशत क्षेत्रमा पनि असैन्यीकृत क्षेत्रहरू स्थापना गरिनेछ।

जेलेन्स्कीले पत्रकारसँग दुई घण्टाको जानकारीमा योजनाको मुख्य र थप व्याख्या गरिएका भागहरूबारे चर्चा गर्नुभएको थियो ।

"डोनेट्स्क, लुगान्स्क, जापोरिज्जिया र खेरसोन क्षेत्रहरूमा, यस सम्झौताको मितिसम्म सेना तैनातीको लाइनलाई वास्तविक रूपमा सम्पर्क रेखाको रूपमा मान्यता दिइएको छ," जेलेन्स्कीले पछिल्लो संस्करणमा उल्लेख गरिएका बुँदाबारे भन्नुभयो ।

उहाँले थप्नुभयो, "द्वन्द्व अन्त्यका लागि आवश्यक बलको पुनः तैनाथी र भविष्यका सम्भावित विशेष आर्थिक क्षेत्रहरूको मापदण्ड निर्धारण गर्ने छ ।

# दक्षिण कोरियामा गलत सूचना नियन्त्रण विधेयक पारित

दक्षिण कोरियाको उदार नेतृत्वको राष्ट्रिय सभाले बुधबार 'गलत वा बनावटी जानकारी' प्रकाशित गरेको आरोपमा परम्परागत समाचार माध्यम र इन्टरनेट मिडियामाथि कडा दण्डात्मक क्षतिपूर्ति लगाउन अनुमति दिने विधेयक पारित गरेको छ । सेन्सरसिपको जोखिमबारे व्यापक चेतावनी आउँदै गर्दा पनि विधेयक बहुमतले अनुमोदन गरिएको हो ।



पत्रकार सङ्गठनहरू र नागरिक स्वतन्त्रता पक्षधरहरूले राष्ट्रपति ली जे म्युङलाई उहाँको डेमोक्रेटिक पार्टीले अघि सारेको उक्त विधेयकमा भिटो प्रयोग गर्न आग्रह गरेका छन् । उनीहरूको भनाइमा विधेयकमा कुन किसिमको जानकारी प्रतिबन्धित हुने भन्ने शब्दावली अस्पष्ट छ र प्रेस स्वतन्त्रताको रक्षा गर्न पर्याप्त सुरक्षा प्रावधान छैन । यसले सार्वजनिक अधिकारी, राजनीतिज्ञ र ठूला व्यवसायमाथि हुने आलोचनात्मक रिपोर्टिङलाई निरुत्साहित गर्ने खतरा रहेको उनीहरूको चिन्ता छ ।

यसअघि पनि यस्तै कानून पारित गर्न प्रयास असफल भएका डेमोक्रेटिक पार्टीका नेताहरूले भने नक्कली समाचार र गलत सूचनाको बढ्दो प्रवाहले समाजमा विभाजन र घृणापूर्ण भाषणलाई प्रोत्साहन गर्दै लोकतन्त्रलाई कमजोर बनाइरहेको तर्क गरेका छन् । उनीहरूका अनुसार यस्तो खतरा सामना गर्न यो कानून अपरिहार्य भएको हो ।

पारित विधेयकअनुसार अदालतहरूले 'अवैध जानकारी' वा 'झुटो तथा बनावटी जानकारी' फैलाएको ठहरिएका समाचार संस्था र ठूला युट्युब च्यानलहरूलाई प्रमाणित नोक्सानको पाँच गुणासम्म दण्डात्मक क्षतिपूर्ति तिर्न आदेश दिन सक्नेछन् । साथै अदालतमा ठ्याक्कै मूल्याङ्कन गर्न कठिन हुने क्षतिका लागि पाँच करोड वोन (करिब ३४ हजार २०० अमेरिकी डलर) सम्म क्षतिपूर्ति निर्धारण गर्न पनि सकिने व्यवस्था गरिएको छ ।

यसका अतिरिक्त, देशको मिडिया नियामक निकायले अदालतले झुटो वा पटक-पटक हेरफेर गरिएको ठहर गरेको जानकारी वितरण गरेमा सम्बन्धित सञ्चार माध्यमलाई एक अर्ब वोन (करिब छ लाख ८४ हजार अमेरिकी डलर) सम्म जरिवाना गर्न सक्नेछ ।

मुख्य कन्जर्भेटिभ विपक्षी दल पिपुल पावर पार्टी (पिपिपी) का धेरै सांसदहरूले मतदान बहिष्कार गरेपछि राष्ट्रिय सभाले चार जना अनुपस्थितसहित १७०-३ को मतान्तरले विधेयक पारित गरेको हो । यसअघि पिपिपीले २४ घण्टासम्म बहसलाई अनावश्यक रूपमा लम्ब्याउँदै मतदान ढिलाइ गराएको थियो, जसक्रममा दुवै पक्षका सांसदहरूले विधेयकमाथि तीव्र बहस गरेका थिए ।

बहसलाई लम्ब्याउने क्रममा पिपिपी सांसद चोई सो-जिनले विधेयकले सूचना प्रतिबन्धका लागि आवश्यक अशुद्धताको स्तर स्पष्ट रूपमा परिभाषित नगरेको आरोप लगाउनुभयो । उहाँले चेतावनी दिँदै साना त्रुटि वा सामान्य दाबी भएका सामग्रीसमेत यसको दायरामा पर्न सक्ने र यसलाई मुद्दाको डर देखाएर आलोचकहरूलाई चुप गराउने उपकरणका रूपमा प्रयोग गर्न सकिने बताउनुभयो ।

डेमोक्रेटिक पार्टीका नेताहरूले भने दण्डात्मक क्षतिपूर्ति त्यतिबेलामात्र लागू हुने स्पष्ट पारेका छन्, जब गलत जानकारी जानाजानी हानिकारक वा नाफामुखी उद्देश्यले फैलाइएको प्रमाणित हुन्छ र त्यसले वास्तविक क्षति पुऱ्याएको देखिन्छ । नियमित आरोप, दाबी वा आलोचनात्मक अभिव्यक्तिलाई दण्डित गरिने छैन भन्ने उनीहरूको भनाइ छ ।

उनीहरूले यो कानूनले 'सार्वजनिक हितका लागि गरिएको आलोचना वा निरीक्षणमा बाधा पुऱ्याउने उद्देश्यले' क्षतिको दाबी दर्ता गर्न निषेध गरेको प्रावधान रहेको पनि उल्लेख गर्नुभएको छ । तर कानूनी विज्ञ र पत्रकार समूहहरूले यस प्रावधानलाई अझै अस्पष्ट र व्यवहारमा अव्यावहारिक रहेको भन्दै आलोचना गरेका छन् ।

डेमोक्रेटिक पार्टीका प्रवक्ता पार्क सू-ह्युनले 'कानूनले लक्षित गर्ने कुरा वैध आलोचना होइन, बरु गलत जानकारीको दुर्भावनापूर्ण र जानाजानी प्रसार हो' भन्नुभयो । उहाँका अनुसार विधेयक आशयको आधारमा लागू हुनेछ र व्यङ्ग्य तथा प्यारोडीलाई समेत छुट दिइएको छ, जसले अभिव्यक्ति स्वतन्त्रताको सम्मान सुनिश्चित गर्छ ।


॥ हार्दिक श्रद्धाञ्जली ॥



स्व. दुलारी देवी यादव

हाम्रा परम आदरणीय फुफु(पिसी) **दुलारी देवी यादव**को मिति २०८२/०९/०९ गते बुधवार बिहान साढे ६ बजे देहावसान भएकोबाट हामी अत्यन्त मर्माहत छौ । असीम शोकको घडीमा आदरणीय दाजु ईश्वर यादव (मास्टरसाहेव) सहित शोकाकुल परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दै दिवंगत आत्माको भगवान सीताराम आफ्नो चरणमा स्थान प्रदान गरुन् भने कामना गर्दछौ ।

**बृज कुमार यादव/सत्यनारायण यादव**
**रामरतन यादव/रामअशिष यादव/लक्ष्मण यादव**
एवं परिवार, कुम्हरौडा, धनुषा

# सरकारले रास्वपा, राप्रपा र जनमत पार्टीको कार्यालय अनुगमन गर्दै

काठमाण्डु । सरकारले निर्वाचनको वातावरण बनाउन राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र जनमत पार्टीको कार्यालय अनुगमन गर्ने भएको छ ।

सरकारले गठन गरेको उच्चस्तरीय राजनीतिक संवाद समितिले आज तीन दलका कार्यालयको अनुगमनका साथै वार्ता र संवाद गर्ने भएको हो । समितिले बिहान ११:०० बजे जनमत पार्टीको कार्यालय, दिउँसो १:०० बजे राप्रपा र दिउँसो ३ बजे रास्वपाको कार्यालय अनुगमनका साथै नेताहरुसँग छलफल गर्ने तालिका रहेको जनाइएको छ ।

सरकारले कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिल सिन्हाको संयोजकत्वमा सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेल र प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार अजयभद्र खनालसहितको उच्चस्तरीय राजनीतिक संवाद समिति गठन गरेको थियो ।

आगामी फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभा सदस्यको निर्वाचनको वातावरण बन्दै गएको अवस्थामा सरकारले सरोकारवाला पक्षसँग वार्ता तथा संवादलाई तीव्रता दिएको हो ।

सरकारका प्रवक्ता समेत रहनुभएका सञ्चारमन्त्री जगदीश खरेलले निर्वाचनको माहोल बनाउन चरणबद्ध राजनीतिक वार्ता र संवादलाई तीव्रता दिएर दलहरुकै कार्यालयमा पुगेर वार्ता गरिरहेको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "निर्वाचनको वातावरणका लागि सरकारले चरणबद्ध वार्तालाई निरन्तरता दिएको छ, सरकार इमान्दारिताका साथ निर्वाचन गराउन खोजिरहेको भन्दे सन्देश हो र दललाई सकारात्मक दबाव पनि हो ।"

मन्त्री खरेलले निर्वाचनको माहोल बनाउन र राजनीतिक दलहरुलाई पनि यसप्रति केन्द्रित गराउन सरकार दलको कार्यालयमै पुगेर वार्ता र संवाद गरिरहेको उल्लेख गर्नुभयो ।रासस

# आन्तरिक पर्यटकको रोजाइ बन्दै बाह्रकुने दह

देउखुरी । घोराही उपमहानगरपालिका-१३ स्थित बाह्रकुने दह पछिल्लो समय आन्तरिक पर्यटकको घुइँचो लाग्ने गरेको छ ।

आन्तरिक र बाह्र पर्यटकको गन्तव्यका रूपमा रहेको बाह्रकुने दहमा पछिल्लो समय पर्यटकको चहलपहल बढ्दै गएको छ । दहमा १२ कुना भएको हुनाले यसको नाम 'बाह्रकुने दह' रहन गएको हो । सुन्दर प्रकृतिको मनोरम दृश्य देखिने बाह्रकुने दहको सौन्दर्य अतुलनीय छ । लुम्बिनी प्रदेशको एउटा नमुनाका रुपमा रहेको छ । यो धार्मिक एवं पर्यटकीयस्थलका रुपमा चिनिने गरेको छ । बाह्र भाइ बराहमध्ये एक भाइ बाह्रकुनेमा बसेको भन्ने किंवदन्ती छ ।

तुलसीपुर उपमहानगरपालिका-१७ का सीता पन्थी साथीहरुसँग बाह्रकुने दह घुम्न आउनुभएको भेटिनुभयो । टोलका आमासमूहबाट रमाइलो गरौँ भनेर वनभोज खान बाह्रकुने आएको उहाँले बताउनुभयो । "तुलसीपुरमा हेरिरहेका धेरै ठाउँ थिए, घोराहीको बाह्रकुने हेर्ने अवसर मिलेको थिएन यहाँ आउँदा धेरै रमाइलो लाग्यो", पन्थीले भन्नुभयो, "वनभोज खाने, नाचगान गरेर रमाइलो गर्नेको भिडभाड नै हुने रैछ ।" यहाँको मन्दिर वरिपरिको वातावरण रमाइलो रहेछ, मन्दिर छेउमा रहेको तालमा डुङ्गा सयर गर्दा झनै आनन्द आयो ।" तालमा माछालाई चारो हाल्दा झन मज्जा आएको उहाँले बताउनुभयो ।

घोराही उपमहानगरपालिका-१८ का मुना पोखरेल पनि शनिबार विद्यार्थी लिएर बाह्रकुने आएको बताउनुहुन्छ । घोराही बजारको नजिकै रहेको र यातायातको सुविधा भएकाले बिदाको दिन भएर होला धेरै भिडभाड भएको उहाँले बताउनुभयो । वनभोज खानेको उपस्थिति झनै धेरै देखियो । बाह्रै महिना यहाँ भक्तजनको भिडभाड हुने गर्छ त्यसमा पनि मङ्सिरदेखि माघमा यहाँ धेरै भक्तजन आउने गरेको बराहक्षेत्र संरक्षण समितिका अध्यक्ष देवबहादुर घर्तीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "बाह्रकुने दहमा बर माग्नका लागि भक्तजन आउने गर्दछन्, माघेसङ्क्रान्तिको दिन ठूलो मेला लाग्ने गर्दछ ।" त्यहाँ विशेषगरी निःसन्तान दम्पती सन्तानका लागि बर माग्न आउने गर्दछन् । यहाँ अन्य समयमाभन्दा माघेसङ्क्रान्तिमा निकै भीडभाड हुने गर्दछ । यहाँ १२ वटा आकारमा निर्मित प्राकृतिक ताल रहेको छ । त्यहाँ भैंडा र भालेको बलि दिइन्छ भने परेवा उडाउने गरिन्छ ।



**ज्यामिरेमा डुङ्गा सरर**

बाह्रकुने दहको उत्तरतिर रहेको ज्यामिरे दहलाई ठूलो बनाएपछि हरेक दिन आन्तरिक पर्यटक त्यहाँ पुग्ने गरेका छन् । अन्य दिनभन्दा बिदाको दिन बढी आन्तरिक पर्यटक त्यहाँ आउने गरेको ज्यामिरे दहमा डुङ्गा सञ्चालन गर्दै आउनुभएका वीरजङ्ग पुनले बताउनुभयो । जङ्गलबीचमा सुन्दर पर्यटकीय गन्तव्यका रुपमा रहेको तालमा जिल्ला र बाहिरबाट घुम्न आन्तरिक पर्यटक आउने गरेको पुनले बताउनुभयो ।

उहाँका अनुसार पछिल्लो समय दैनिक सरदर २०० देखि ३०० जनासम्म घुम्न आउने गरेका छन् ।

मङ्सिरदेखि वैशाख महिनासम्म बढी भीड हुने गरेको उहाँको भनाइ छ । विगत तीन वर्षदेखि ज्यामिरे दहमा डुङ्गा चलाउँदै आएका पुनले डुङ्गा चलाएरै मासिक रु १५ देखि रु २० हजारसम्म आम्दानी हुने गरेको बताउनुभयो । उहाँका अनुसार पछिल्लो समय डुङ्गा सवार गर्ने र वनभोज खान दैनिक रूपमा मानिस आउने गरेका छन् । डुङ्गामा चढ्न एक जनाको रु १०० टिकटको व्यवस्था गरिएको छ । डुङ्गामा घुम्नका लागि १५ मिनेटदेखि २० मिनेटसम्म समय लाग्ने गरेको चालक पुनले बताउनुभयो । "सानो पोखरीलाई विस्तारसँगै डुङ्गा राखेर पर्यटक तान्ने काम भएको छ", उहाँले भन्नुभयो, "ज्यामिरे दह पर्यटकीय क्षेत्रका रूपमा विकास भएसँगै व्यापार हुन थालेको छ ।"रासस

# तीनतले झरनालाई पुरानै लयमा फर्काइँदै

काभ्रेपलाञ्चोक । जिल्लाको दक्षिणी क्षेत्रमा अवस्थित बेथानचोक गाउँपालिका-१ च्याम्राङ्गबैंसीमा रहेको तीनतले झरनाको पुनर्निर्माण थालिएको छ । गत वर्षको बाढीपहिरोले झरनालाई क्षति पुर्याएपछि गाउँपालिका कार्यालयद्वारा पुनर्निर्माण थालिएको हो ।



प्राकृतिक सौन्दर्यता झल्किएको उक्त झरनामा पर्यटकको आकर्षण बढ्न थालेपछि केही वर्षअघि मात्रै बागमती प्रदेश सरकार, गाउँपालिका कार्यालयलगायत विभिन्न संस्थाको साझेदारीमा रु ३५ लाख लगानी गरी थप संरचना निर्माण गरिएको थियो । हाल गाउँपालिकाको रु १० लाख बजेटबाट पुनर्निर्माण थालिएको कार्यालयका प्रवक्ता एवं वडा नं १ का वडाध्यक्ष मधुसुधन तिमल्सिनाले जानकारी दिनुभयो । उहाँका अनुसार पोखरी तथा भत्किएका संरचना निर्माण गरी पहिलेकै अवस्थामा ल्याउन थालिएको हो । यो झरनामा बाढीपहीरोले क्षति पुर्याए पनि पर्यटकको आकर्षण देखिएकाले चालु आर्थिक वर्षमा बजेट छुट्याएर पुनर्निर्माण गर्न थालेका हौँ ।

उक्त झरनामा यतिखेर पनि आन्तरिक पर्यटक दैनिक बढिरहेको वडाध्यक्ष तिमल्सिना बताउनुहुन्छ ।

उहाँका अनुसार उक्त झरनाको मनमोहक दृश्यसँगै रम्न विशेषगरी आजकाल बिदाका दिनमा झरनासम्म पुग्नेहरूको भीड नै हुने गरेको छ । चारैतिर पहाडले घेरिएको रमणीय बस्ती च्याम्राङ्गबैंसीको च्यालम-फाइमराङ बीचको उक्त झरनामा बर्सेनि पर्यटक बढिरहेको बताइन्छ । यसअघि झरनाबाट झरेको पानीमा पौडी पोखरी, पोखरी वरपर घेराबार तीन तलामध्येको झरनाको दोस्रो तल्लासम्म अवलोकनका लागि सिँढी तथा घेराबार निर्माण गरिएको थियो ।

महाभारत पर्वत शृङ्खलाको जङ्गल-मुहान रहेको चिसो पानी बग्ने झरना तीन तला भई बगेका कारण नै तीनतले झरना नामकरण गरिएको हो । चिसो, कञ्चन, सङ्लो र शुद्ध पोखरीमा डुबुल्की मार्दै स्नान गर्नु यहाँको अर्को आर्कषण बनेको थियो। झरना अवलोकन तथा केही दिन बिताउन चाहनेहरू काभ्रेपलाञ्चोककै बनेपा, धुलिखेल र पनौतीलगायत काठमाडौँ उपत्यकाबाट ट्राभल प्याकेज नै बनाएर आन्तरिक पर्यटक आउने गरेको तिमल्सिनाले बताउनुभयो । झरनासम्म पुगेर खिचिएका तस्बिर तथा भिडियो सामाजिक सञ्जालमा पोष्ट गर्न सबैखाले पर्यटक लालायित हुने गरेको देखिन्छ ।

हाल तीनतले झरना जानेका लागि झरना नपुग्दै स्थलबाट केही वर होटल-लजको पनि व्यवस्था गरिएको छ । झरनाको अवलोकन, पौडीका साथै बाहिरी जिल्लाबाट आउनेहरूले स्थानीय मौलिक खानाको चासो राख्ने गरेकोसमेत स्थानीयको भनाइ छ । स्थानीय गाउँमा उत्पादित खुवा, मह, तरकारी तथा लोकल मकैको ढिँडो, गुन्द्रुकलगायत परम्परागत खानाको व्यापार बढेको स्थानीय व्यवसायी बताउँछन् । झरनासम्म पुग्न क्षेत्रअनुसार फरकफरक मार्गको प्रयोग गर्न सकिन्छ ।

काभ्रेको पनौती बसपार्कबाट करिब २५ किलोमिटर सडकयात्रा गर्नुपर्ने हुन्छ । जुन सडकको पनौती-ढुर्खक करिब १३ किलोमिटर सडक ग्राभेल तथा पक्की छभने त्यसपछि १२ किलोमिटर सडक उकालो-ओरालोमा गाडी तथा मोटरसाइकलमा यात्रा गर्न खासै कठिनाइ भने छैन । विशेषगरी लालीगुराँस फुल्ने मौसममा उक्त क्षेत्रले नयाँ यात्रुहरूलाई मोहनी नै लगाउने गर्छ ।

त्यसैगरी, झरना पुग्ने अर्को सडक ललितपुर जिल्लाबाट पनि छ । ललितपुरको दक्षिणी क्षेत्र गोट्टीखेलबाट चन्दनपुर, कालेश्वर हुँदै करिब १० किलोमिटर ओरालो यात्रापछि च्याम्राङ्गबैंसी पुगिन्छ । यो मार्ग पनि चन्दनपुरसम्मको पक्की सडक तथा त्यसपछिको कच्ची भएपछि बाटो खासै कठिन भने छैन । त्यसैगरी हिउँदको समयमा पनि बागमती प्रदेशको राजधानी हेटौँडासम्म पुग्ने बेथानचोक-फापरबारी सडक पनि यहीँ झरना नजिकबाटै पर्छ । पहाडी मनोरम दृश्यका साथमा झरनाको अवलोकन गर्दै स्वच्छ, सफा, कञ्चन र सङ्लो पानीले भरिएको पोखरीमा पौडीको मज्जा लिनेहरूको भीड नै झरनाको पहिचान बन्दै गएको छ ।रासस

# व्यावसायिक कृषिमा रमाउँदै ढकाल परिवार

राष्ट्रिय समाचार समिति (रासस)

गण्डकी, ८ पुस : रोजगारीका लागि युवाहरू विदेश पलायन भइरहेका बेला तनहुँको शुक्लागण्डकी नगरपालिका-१ तल्लीपोखरी नयाँगाउँका दिनेश ढकालको परिवारले व्यावसायिक कृषि फार्म सञ्चालन गरेका छन् ।



दिनेशसहित उहाँका बुबा पिताम्बर, आमा ताराका साथै श्रीमती सदिक्षालगायत व्यावसायिक कृषिमा होमिनुभएको छ । डिटिपिएस नामक कृषि फार्म दर्ता गरी उहाँहरुले व्यावसायिक कृषि सुरु गर्नुभएको हो । परिवारमा एक अर्काको साथ र सहयोगले सफलता हासिल गरेको उहाँहरूको भनाइ छ ।

ढकाल परिवारले २०४० सालदेखि गर्दै आएको परम्परागत सुन्तला खेतीसँगै २०७४ सालदेखि कृषि फार्म मार्फत दर्ता गरी सुन्तला खेतीका अतिरिक्त कालिजपालन, अदुवा र अकबरे खुर्सानी खेती गर्दै आएका छन् । उहाँहरूले आफू बाहेक अन्य तीन जनालाई प्रत्यक्ष रोजगारी दिनुभएको छ । उहाँहरूको सुन्तलाखेती हाल १४ रोपनी क्षेत्रफलमा फैलिएको छ । सुन्तला खेतीबाटै वार्षिक पाँच/छ लाख रुपैयाँसम्म आम्दानी हुने दिनेशले बताउनुभयो । उहाँको फार्ममा साना ठूला गरी एक हजार बोट रहेकामा करिब २५० बोटमा सुन्तला फलेका छन् । राम्रो फल्ने एउटै बोटमा २० क्रेटसम्म फल्ने गरेको छ ।

ढकाल परिवारले सात वर्ष अघि सुरु गरेको व्यावसायिक कालिजपालन पनि फस्टाउँदै गएको छ । फार्ममा हाल १३ हजारको सङ्ख्यामा कालिज छन् । तीन वर्षअघि जापान जाने सोचमा रहेकामा कालिज फस्टाउँदै गएपछि विदेश जाने मोह त्यागेको दिनेशले बताउनुभयो ।

प्रति कालिज भाले दुई हजार ५०० र पोथि एक हजार ५०० रुपैयाँमा बिक्री हुनेगरेको छ । रासस

# कोरला नाका सञ्चालन भएपछि स्थानीयलाई रोजगारी




मुस्ताङ । नेपाल-चीन उत्तरी कोरला नाका पूर्णरुपमा सञ्चालनमा आएपछि विगत दुई वर्षदेखि माथिल्लो मुस्ताङका स्थानीयले रोजगारी प्राप्त गरेका छन् । कोरला नाकास्थित नेपालतर्फको दशगजा क्षेत्र र कोरलास्थित चीनतर्फ लिजी बजारमा माथिल्लो मुस्ताङीले व्यापार व्यवसाय सञ्चालन गरिरहेका छन् ।

यो नाका विसं २०८० कात्तिक २७ गतेदेखि खुला गरिएको थियो । त्यसअघि माथिल्लो मुस्ताङका नागरिकहरु कृषि पशुपालन र घरायसी कामधन्दामा सीमित थिए । सो नाका माथिल्लो मुस्ताङका नागरिकहरुका लागि मात्रै खुल्ला हुँदै आएकामा सरकारले अन्तरदेशीय व्यापारिक मार्गको रुपमा गत ३० भदौमा पूर्णरुपमा खुला गरको हो ।

लोमान्थाङ-२ किम्लिङका स्थानीय लिन्डुप गुरुङ कोरला नाकामा त्रिपाल टाँगेर व्यापार गरिरहनुभएको छ । नाका नखुल्दा कृषि र पशुपालनमै सीमित गुरुङले कृषि र पशुपालनलाई थाती राखेर व्यापार गर्न थाल्नुभएको बताउनुभयो । यहाँ त्रिपाल टाँगेर व्यापार गर्ने करिव ८०/९० जना मध्ये हाल धेरैजसो जाडो छल्न बैंसी झरिसकेका छन् ।

यो नाका समुन्द्री सतहदेखि चार हजार ६१० मिटरको उचाइमा अवस्थित छ । नाकामा चिसोका कारण पर्यटकीय रौनक घटेपनि नाका बन्द नहुने जनाइएको छ । नाकामा व्यापार गर्नेहरुले आन्तरिक रुपमा ब्यापार व्यवसाय चलाउने आन्तरिक नियम बनाएका छन् । पर्यटकहरुलाई चिनिया उत्पादन बिक्री गर्न आलोपालो व्यापार गर्ने सहमति छ । त्रिपाल टाँगेर व्यापार गर्नेहरुका लागि एक जीप बराबर दुई जना ब्यापारीले ब्यापार गर्न पाउने र चार वटा मोटरसाइकल आएमा एक जीप बराबर दुई जनाले व्यापार गर्न पाउने नियम बनाएको स्थानीय ब्यापारी लिन्डुप गुरुङले जानकारी दिनुभयो ।

नाकामा तीन सय जना भन्दा बढीले व्यापार व्यवसाय सञ्चालन गरेका छन् । यहाँ एक सय बढी युवाले लोड अनलोड र विद्युतीय गाडी तथा मालवाहक कन्टेनर भित्र लाने ल्याउने काम पाएका छन् । रासस

# फोहरजन्य वस्तु बिक्री गरी १० लाख आम्दानी

दमौली । सदरमुकामस्थित व्यास नगरपालिकाले फोहरजन्य वस्तु बिक्री गरी पाँच महिनामा रु १० लाखभन्दा बढी आम्दानी गरेको छ । फोहरका रुपमा सङ्कलन गरी पुनः प्रयोगयोग्य बनाइएका विभिन्न वस्तु बिक्री गरी नगरपालिकाले चालु आर्थिक वर्षको पाँच महिनाको अवधिमा रु १० लाख ५९ हजार ७०४ आम्दानी गरेको हो ।



साउनदेखि मङ्सिरसम्म फोहर बिक्री गरी उक्त आम्दानी भएको प्रमुख प्रशासकीय अधिकृत सुकदेव लम्सालले जानकारी दिनुभयो । उहाँका अनुसार पानीका बोतल, आल्मुनियम, टिन, फलाम, कापी, किताब, गत्ता, टुक्रा कागज, सिसा बिक्री गरी उक्त आम्दानी भएको छ ।

फोहरमैला व्यवस्थापनको चुनौतीखेप्दैआइरहेकोनगरपालिकाले घरबाटै फोहर वर्गीकरण गरी सङ्कलन गर्न थालेको छ । कुहिने र नकुहिने फोहरलाई छुट्टाछुट्टै वर्गीकरण गरी सङ्कलन गर्ने र बिक्री गर्न योग्य फोहर बिक्री गरी आम्दानी गरिएको लम्सालले बताउनुभयो । उहाँले भन्नुभयो, "एकै ठाउँमा सबै फोहर सङ्कलन गर्दा समस्या हुने भएकाले कुहिनेलाई छुट्टै गाडीमा र नकुहिनेलाई छुट्टै गाडीमा सङ्कलन भइरहेको छ ।" फोहरमैला व्यवस्थापनका लागि नगरपालिकाले सरसफाइ विज्ञ कृष्ण भण्डारीलाई नियुक्त गरेको थियो । भण्डारीकै सल्लाह बमोजिम कुहिने र नकुहिने फोहर वर्गीकरण गरी व्यवस्थापनको काम अगाडि बढेको हो ।

नगरप्रमुख बैकुण्ठ न्यौपानेले भन्नुभयो, "उहाँले धनगढी, वालिङ लगायतका क्षेत्रमा सफलतापूर्वक फोहर व्यवस्थापन तथा सेग्रीगेसनको काम उदाहरणीय रुपमा सम्पन्न गरिसक्नुभएको छ । उहाँको सहयोगमा हामीले फोहर उठाउँदादेखि नै कुहिने र नकुहिने फोहर छुट्याउने तथा नकुहिने फोहरभित्र विभिन्न सिसा, प्लास्टिक, कागज जस्ता वस्तु छुट्याएर त्यसलाई मेसिनले कम्प्रेस गरी आम्दानी गर्न थालेका हौँ ।"

नगरपालिकाले नगरभित्रका प्रत्येक टोल, वडा, विद्यालयमा पुगेर फोहर वर्गीकरणका उपाय सिकाएको छ । नगरपालिकाले कार्यालय परिसरभित्र नकुहिने फोहरमध्येबाट कागज, सिसा, प्लास्टिकजन्य फोहरहरु छुट्याएर बिक्री गरिरहेको छ ।

करिब ३२ वर्षसम्म फोहरमैला व्यवस्थापनको स्थायी समाधान गर्न नसकिएको बताउँदै न्यौपानेले भन्नुभयो, "विगतको मेरो कार्यकालमा प्रयत्न गर्दा गर्दै समस्या आयौँ, जग्गा व्यवस्थापनका लागि नगरपालिका लागिरहेको छ ।रासस


**जनकपुरधाम उप-महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**जनकपुरधाम, धनुषा**
**मधेश प्रदेश, नेपाल**
**मिति २०८२/०९/०९ गते**

**ईलेक्ट्रिक इन्जिनियरको तह सच्याईएको बारे सूचना ।**

प्रस्तुत विषयमा करार सेवामा ईलेक्ट्रिक इन्जिनियर भर्नाको लागि यस कार्यालयबाट मिति २०८२/०८/२५ गते प्रकाशित सूचनामा ईलेक्ट्रिक इन्जिनियरको तह छैठौं हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याईएको व्यहोरा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नि. प्रमुख प्रशासकीय अधिकृत**



**सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय कल्याणपुर, सप्तरीको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना**

प्रकाशित मिति २०८२/०९/१० गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

**तपसिल**

| ऋणीको विवरण | |
|---|---|
| **१.** हरीहर प्रसाद चौधरीको बुहारी, सुनिल कुमार चौधरीको पत्नी, सप्तरी जिल्ला, साविक भंगाहा न.पा./गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल सप्तरी जिल्ला, शम्भुनाथ न.पा. वडा नं. ७ बस्ने **गिरजा कुमारी चौधरी** (ना.प्र.नं. ६२६८३८७७, जारी मिति २०४५/०९/१३, जि.प्र.का. सप्तरी) । | |
| **व्यक्तिगत जमानतकर्ताको विवरण** | |
| १. जोखन चौधरीको नाति, हरीहर प्रसाद चौधरीको छोरा, सप्तरी जिल्ला, साविक मोहनपुर गा.वि.स./न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल सप्तरी जिल्ला, शम्भुनाथ न.पा. वडा नं. ७ बस्ने **सुनिल कुमार चौधरी** (ना.प्र.नं. १६ ६२६८३३११, जारी मिति २०३९/१२/२४, जि.प्र.का. सप्तरी) । | २. हरीहर प्रसाद चौधरीको नाति, सुनिल कुमार चौधरीको छोरा, सप्तरी जिल्ला, साविक भंगाहा गा.वि.स./न.पा. वडा नं. ८ स्थायी ठेगाना भई हाल सप्तरी जिल्ला, शम्भुनाथ न.पा. वडा नं. ७ बस्ने **संजय कुमार चौधरी** (ना.प्र.नं. १६१०७७/१८०, जारी मिति २०६७/०२/२०, जि.प्र.का. सप्तरी) । |
| **धितोको विवरण** | |
| गिरजा कुमारी चौधरी (ना.प्र.नं. ६२६८३८७७, जारी मिति २०४५/०९/१३, जि.प्र.का. सप्तरी) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सप्तरी जिल्ला, साविक भंगाहा गा.वि.स. वडा नं. ८ नक्सा सिट नं. ८ हाल सप्तरी जिल्ला, शम्भुनाथ न.पा. वडा नं. ७ स्थित कि.नं. ४५९ को क्षेत्रफल ०-२-०-० (बि.क.धु.क.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत । | |
| **ऋणीको विवरण** | |
| **२.** खुसी लाल चौधरीको नाति, रकसु चौधरीको छोरा, सप्तरी जिल्ला, साविक मोहनपुर न.पा./गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल सप्तरी जिल्ला, शम्भुनाथ न.पा. वडा नं. ६ बस्ने **सियाशरण चौधरी** (ना.प्र.नं. ३७७/६२६८४६४६, जारी मिति २०४८/०८/१५, जि.प्र.का. सप्तरी) । | |
| **व्यक्तिगत जमानतकर्ताको विवरण** | |
| १. रकसु चौधरीको बुहारी, सियाशरण चौधरीको पत्नि, सप्तरी जिल्ला, साविक मोहनपुर न.पा./गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल सप्तरी जिल्ला, शम्भुनाथ न.पा. वडा नं. ६ बस्ने **आशा कुमारी चौधरी** (ना.प्र.नं. ९०१७, जारी मिति २०५६/०४/१०, जि.प्र.का. सप्तरी) । | २. रकसु चौधरीको नातिनी, सियाशरण चौधरीको छोरी, सप्तरी जिल्ला, शम्भुनाथ न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल सप्तरी जिल्ला, शम्भुनाथ न.पा. वडा नं. ६ बस्ने **प्रतिभा कुमारी चौधरी** (ना.प्र.नं. १६-०१-७५-०३१६५, जारी मिति २०७५/०३/१९, जि.प्र.का. सप्तरी) । |
| **धितोको विवरण** | |
| आशा कुमारी चौधरी (ना.प्र.नं. ९०१७, जारी मिति २०५६/०४/१०, जि.प्र.का. सप्तरी) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सप्तरी जिल्ला, साविक मोहनपुर गा.वि.स./न.पा. वडा नं. ५ नक्सा सिट नं. ५ क हाल सप्तरी जिल्ला, शम्भुनाथ न.पा. वडा नं. ६ स्थित कि.नं. १९३ को क्षेत्रफल ०-०-१८-० (बि.क.धु.क.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत । | |

Siddhartha Bank
शाखा कार्यालय : कल्याणपुर, सप्तरी
फोन नं. ०३१-५४००९८
Website : www.siddharthabank.com

# अन्तरविद्यालय क्रिकेट प्रतियोगिता शुरु



टुडे समाचारदाता

जनकपुरधाम।जनकपुरधाममा बुधबारदेखि अन्तरविद्यालय क्रिकेट प्रतियोगिताको शुरु भएको छ। मधेश प्रदेशका सभामुख रामअशिष यादवले प्रतियोगिताको उद्घाटन गर्दै शुभारम्भ गरेका छन्।

उद्घाटन समारोहलाई सम्बोधन गर्दै सभामुख यादवले खेलकुदले अनुशासन, नेतृत्व विकास र स्वस्थ समाज निर्माणमा महत्वपूर्ण योगदान दिने बताए। उनले विद्यार्थीहरूलाई खेलकुदसँगै शिक्षालाई पनि समान प्राथमिकतामा राखेर अघि बढ्न आग्रह गरे।

युवाहरूमा समाजभित्र सकारात्मक परिवर्तन ल्याउने ठूलो क्षमता रहेको उल्लेख गर्दै सभामुख यादवले सदैव सकारात्मक पहल गर्नुपर्नेमा जोड दिए। आयोजकका अनुसार प्रतियोगितामा जनकपुरधाम र आसपासका क्षेत्रका २४ वटा विद्यालयका टिम सहभागी छन्।

प्रतियोगिताको उद्धाटन खेल मदर टेरेसा स्कुल र याज्ञवल्क्य संस्कृत माध्यमिक विद्यालय, ज्ञानकुपबीच सम्पन्न भएको छ।गत वर्ष सम्पन्न यही प्रतियोगिताको उपाधि मदर टेरेसा स्कुलले जितेको आयोजकले जनाएको छ।

# मन्त्रालयहरु निमितकै भरमा संचालन

**प्रदेशका महत्वपूर्ण मन्त्रालयहरू लामो समयदेखि निमित्त सचिवको भरमा चलिरहँदा निर्णय प्रक्रिया, सेवा प्रवाह र प्रशासनिक प्रभावकारितामा नकारात्मक असर नपरेपनि प्रशासनिक सुशासनमा स्थायित्वमा प्रश्न उठाउंछन ।**

टुडे समाचारदाता

जनकपुरधाम। मधेश प्रदेश सरकारका अधिकांश मन्त्रालयहरू अहिले स्थायी सचिवविहीन अवस्थामा रहेका कारण निमित सचिवकै भरमा संचालन भइरहेको छ।

प्रदेशप्रमुखको कार्यालयदेखि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित कम्तीमा ६ वटा मन्त्रालय निमित्त सचिवको भरमा सञ्चालन भइरहेका छन्, जसले प्रदेश प्रशासनिक संयन्त्र कमजोर रहेको अवस्था देखाउँछ।

प्रदेश प्रमुखको कार्यालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, वन तथा वातावरण मन्त्रालय, ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय, गृह, सञ्चार तथा कानून मन्त्रालय, शिक्षा तथा संस्कृति मन्त्रालय, खेलकूद तथा समाजकल्याण मन्त्रालय र भौतिक पूर्वाधार विकास मन्त्रालय हाल निमित्त सचिवको जिम्मेवारीमा चलिरहेका छन्।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख सचिव मदन भुजेल गत कात्तिकमा सरुवा भएपछि अहिलेसम्म स्थायी प्रमुख सचिव नियुक्त हुन सकेका छैनन्। हाल अर्थ मन्त्रालयका सचिवसमेत रहेका सह-सचिव रामकुमार महतो निमित्त प्रमुख सचिवको रूपमा जिम्मेवारी सम्हालिरहेका छन्। प्रदेश प्रमुखको कार्यालयमा पनि लामो समयदेखि शत्रुधन यादव निमित्त सचिवका रूपमा कार्यरत छन्।





मुख्यमन्त्री कार्यालयमा प्रमुख सचिव, सचिव र चार जना सह-सचिव गरी उच्च प्रशासनिक दरबन्दी रहे पनि हाल प्रशासनतर्फ यमेन्द्र उपाध्याय र एक उपसचिव रोहित कोइराला मात्र जिम्मेवारीमा छन्। अन्य सचिव पद रिक्त रहँदा कार्यालयको कामकाज निमित्त व्यवस्थामै सीमित भएको छ।

अन्य मन्त्रालयहरूको अवस्था पनि उस्तै छ। ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयमा रामकुमार खँग, गृह, सञ्चार तथा कानून मन्त्रालयमा गणेश नायक, शिक्षा तथा संस्कृति मन्त्रालयमा दिलिपकुमार ठाकुर, वन तथा वातावरण मन्त्रालयमा नवोनारायण मिश्र, खेलकूद तथा समाजकल्याण मन्त्रालयमा रञ्जित यादव तथा भौतिक पूर्वाधार विकास मन्त्रालयमा संजय प्रसाद साह निमित्त सचिवको रूपमा कार्यरत छन्।

गृह, सञ्चार तथा कानून मन्त्रालयमा सचिव विमल रिजाल सरुवा भएपछि गत कात्तिक २५ गतेदेखि गणेश नायकलाई निमित्तको जिम्मेवारी दिइएको हो। खेलकूद तथा समाजकल्याण मन्त्रालयका निमित्त सचिव रञ्जित यादवको स्थायी दरबन्दी सहकारी बोर्डमा भए पनि बोर्डले फिर्ता बोलाइसकेपछि पनि उनी मन्त्रालयमै कार्यरत छन्। ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयका निमित्त सचिव रामकुमार खँग र शिक्षा तथा संस्कृति मन्त्रालयका दिलिपकुमार ठाकुर विगत दुई वर्षदेखि निमित्तकै रूपमा जिम्मेवारी सम्हाल्दै आएका छन्।

हाल मधेश प्रदेश सरकारका उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयमा जयकुमार घिमिरे, श्रम तथा यातायात मन्त्रालयमा युवराज अधिकारी, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा उमेश दाहाल र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा प्रमोद यादव मात्र स्थायी सचिवको रूपमा कार्यरत छन्।

प्रदेशका महत्वपूर्ण मन्त्रालयहरू लामो समयदेखि निमित्त सचिवको भरमा चलिरहँदा निर्णय प्रक्रिया, सेवा प्रवाह र प्रशासनिक प्रभावकारितामा नकारात्मक असर नपरेपनि प्रशासनिक सुशासनमा स्थायित्वमा प्रश्न उठाउंछन।

प्रदेशमा सचिव तोक्ने जिम्मेवारी संघ सरकारमा निहित रहेको कारण यस्ता समस्या विद्यमान रहेको छ। प्रदेश सरकारले चाहेमा पनि सचिव नियुक्त गर्ने नसक्ने र स्थायी सचिव अधिकांश समय विदामा काठमाडौ नै बस्ने गरेको कारणले गर्दा यी अवस्था प्रदेश सरकार स्थापनाकालदेखि नै विद्यमान छन्।

## जसपा नेपालको विरोधसभा तथा आमसभा हुने

टुडे समाचारदाता

जनकपुरधाम। जसपा नेपालले पुस १४ गते जनकपुरधाममा प्रदेशस्तरीय विरोध प्रदर्शन तथा आमसभा गर्ने भएको छ।

जनकपुरधाममा बुधबार जसपा नेपाल मधेश प्रदेश समितिको बैठकबाट विरोध प्रदर्शन तथा आमसभालाई सफल पार्नका लागि विभिन्न समितिसमेत गठन गरिएको जनाइएको छ।

जसपा नेपालका महासचिव रामकुमार शर्माको अध्यक्षतामा भएको बैठकबाट जसपा नेपालका केन्द्रीय उपमहासचिव दीपक कार्कीको संयोजकत्वमा पाँच जिल्लाका केन्द्रीय सदस्यलाई समेटेर समिति गठन गरिएको छ।

त्यस्तै जितेन्द्र यादवको संयोजकत्वमा मञ्च व्यवस्थापन तथा प्रचारप्रसार समिति गठन गरिएको छ। उक्त समितिमा ज्ञानेन्द्र कुमार यादव, पशुपति यादव, चमेली देवी दास, श्यामकुमार यादव, दीपेन्द्र कापडि, बलिराम कापडिलगायत रहेका छन्।

त्यसैगरी जसाप नेपालकी कोषाध्यक्ष सुरिता साहको संयोजकत्वमा आर्थिक व्यवस्थापन समिति गठन गरिएको छ। सो समितिमा सुरेन्द्र कुमार यादव, प्रदेश कोषाध्यक्ष विष्णु कुमार साह, राजकुमार गुप्ता, डा. बबि सिंह यावसहितका रहेकी छन्।

त्यस्तै युवा परिचालनका लागि युवा तथा विद्यार्थी विभागका प्रमुख विन्देश्वर यादवको संयोजकत्वमा युवा परिचालन समिति गठन गरिएको छ।

# मधेशी शहीद आन्दोलनमा जाने चेतावनी

टुडे समाचारदाता

जनकपुरधाम। शहीद परिवारलाई मधेश सरकारले बेवास्ता गर्दै आएको आरोप लगाउँदै आन्दोलन गर्नै चेतावनी मधेश शहीद प्रतिष्ठानले चेतावनी दिएका छन्।

प्रत्येक वर्ष माघ ५ गते मनाईंदै आएको बलिदानी दिवसलाई ओझेलमा पारेर राहत तथा सुविधा प्याकेज रोकिएकाले पुन संचालन गर्नुपर्ने मागसहित आन्दोलनको चेतावनी दिए।





बुधबार जनकपुरधाममा एक पत्रकार सम्मेलन आयोजना गरी मधेशी शहीद प्रतिष्ठानले हाम्रो मागप्रति सरकार गम्भीर भई आगामी शनिबारसम्म सम्बोधन गरेन भने चरणबद्ध आन्दोलनमा उत्रिने भने।

प्रतिष्ठानका सदस्यहरूले मधेश सरकारले शहीद परिवारको सम्मान र संरक्षण गर्नुको साटो उनीहरूको अस्तित्व नै कमजोर पार्ने नीति अख्तियार गरेकाले शहीदको नाममा हुने अपमान सह्य नहुने भने।

पत्रकार सम्मेलनमा बोल्दै मधेशी शहीद प्रतिष्ठानका सदस्य शुभम यादवले मधेश सरकार शहीद परिवारलाई अपमान गर्ने दिशामा अघि बढेको आरोप लगाउंदै भने 'बलिदानी दिवसजस्तो ऐतिहासिक र भावनात्मक दिनको तयार ीसमेत नगर्नु सरकारको गम्भीर लापरवाही हो र यसले शहीदहरूको बलिदानमाथि नै प्रश्न उठाएको छ।'

प्रतिष्ठानका सदस्य अवधेश पटेलले मधेशी शहीद प्रतिष्ठानलाई नै बन्द गर्ने नियत सरकारले बनाएको जस्तो महसुस भएपछि आन्दोलनको तयारी गर्न बाध्य भएको बताए। प्रतिष्ठानका सदस्यहरूले आफूहरू प्रतिष्ठानमा कार्यरत रहेको ७-८ महिना बितिसक्दा पनि तलब नपाएको गुनासो गरे।गृह, सञ्चार तथा कानून मन्त्रालयमा मुख्यमन्त्री कार्यालय सारिएपछिप्रतिष्ठानलाई वैकल्पिक व्यवस्थापन नगरी कार्यालय खाली गर्न दबाब दिइरहेकाले कार्यालय संचालनमा समस्या उत्पन्न भएको पीडा समेत उनीहरुले सुनाए।

पत्रकार सम्मेलनमा सहभागी प्रतिष्ठानका सदस्य र शहीद परिवारहरुले ऐन कार्यान्वयनमा ल्याउनुपर्ने, बलिदानी दिवसको औपचारिक कार्यक्रम तत्काल सार्वजनिक गर्न, रोकिएको राहत प्याकेज वितरण गर्न, प्रतिष्ठानका कर्मचारीको तलब भुक्तानी गर्न तथा ऐनलाई शीघ्र प्रदेशसभामा लैजान माग गरेका छन्।

# जनकपुरधाममा शुक्रवार विद्यालय बन्द

टुडे समाचारदाता

जनकपुरधाम, ।गत पांचदेखि बढेकोचिसोकोदृष्टिगतगर्दैजनकपुरधाम उपमहानगरपालिकाले शुक्रबार एक दिनका लागि सबै सामुदायिक तथा संस्थागत विद्यालयमा जाडो बिदा दिएका छन्।

उपमहानगरपालिकाले बुधवार एक सूचना जारी गरी मनोज साहले जनाइएको छ।

सूचनामा यस शैक्षिक सत्रको शैक्षिक क्यालेन्डरअनुसार पुष १७ गतेदेखि माघ २ गतेसम्म तोकिएको जाडो बिदाबाट कट्टा हुने गरी व्यवस्थापन गरिने उल्लेख छ। साथै, मौसममा सुधार नभए थप जाडो बिदाको निर्णय गरी पुनः सूचना प्रकाशित गरिने उपमहानगरपालिकाले जनाएको छ।



जाडो विदाबाट कट्टा गर्ने गरी पुस ११ गते शुक्रवारका दिन एक विद्यालय बन्द गर्ने निर्णय गरिएको जनाएको छ।

बढ्दो चिसो र शितलहरका कारण विद्यार्थीको स्वास्थ्य जोखिममा पर्न सक्ने अवस्थालाई मध्यनजर गर्दै उक्त निर्णय गरिएको उपमहानगरपालिकाका मेयर

शिक्षा, युवा तथा खेलकुद विकास शाखाका शाखा प्रमुख अन्जु पाण्डेयद्वारा जारी सूचनाको बोधार्थ जिल्ला प्रशासन कार्यालय धनुषा, शिक्षा विकास तथा समन्वय इकाई धनुषा तथा सम्बन्धित शैक्षिक संस्थालाई पठाइएको छ।

# साधुसन्तले विरोध प्रदर्शन गर्ने

टुडे समाचारदाता

जनकपुरधाम।जनकपुरधामस्थित रामानन्दीय वैष्णव संघले बंगलादेशमा हिन्दु युवा दिपुचन्द्र दासको बर्बरतापूर्ण हत्या भएको घटनाप्रति आक्रोश व्यक्त गर्दै विरोध प्रदर्शन गर्ने घोषणा गरेका छन्।

संघका अध्यक्ष तथा जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दास वैष्णवले बुधबार तुलसी स्मारकमा एक पत्रकार सम्मेलन आयोजना गरी घटनालाई धर्मको आडमा गरिएको अमानवीय तथा मानवता विरोधी अपराधको संज्ञा दिएका छन्।

पत्रकार सम्मेलनमा बोल्दै अध्यक्ष दासले बंगलादेशमा पटकपटक अल्पसंख्यक हिन्दु धर्मावलम्बीहरू लक्षित आक्रमण र हिंसाका घटनाहरू भइरहँदा पनि सम्बन्धित निकाय मौन बस्नु गम्भीर चिन्ताको विषय भएको बताए।

उनले दिपुचन्द्र दासको हत्या कुनै एक व्यक्तिमाथिको आक्रमण मात्र नभई समग्र मानव मूल्य, धार्मिक सहअस्तित्व र अल्पसंख्यक अधिकारमाथिको खुला प्रहार भएको उल्लेख गरे। संघका अध्यक्ष दासका अनुसार



भोलि बिहीबार दिउँसो ३ बजे जानकी मन्दिरको प्राङ्गणबाट विरोध ऱ्याली सुरु गरिनेछ।

ऱ्याली जनकपुरधामका विभिन्न स्थानमा परिक्रमा गर्दै शान्तिपूर्ण रूपमा सम्पन्न गरिने योजना रहेको उनले जानकारी दिँदै कार्यक्रममा हिन्दुधर्मप्रति आस्था राख्ने सम्पूर्ण व्यक्ति, साधुसन्त, सामाजिक अभियन्ता तथा जनकपुरधामवासीलाई सहभागी हुन आग्रह गरेका छन्।

महन्थ दासले बंगलादेशमा अल्पसंख्यक हिन्दुहरूमाथि भइरहेको हिंसा अन्तर्राष्ट्रिय मानवअधिकारको समेत गम्भीर उल्लङ्घन भएको भन्दै दोषीमाथि कडा कारबाही गर्न नेपाल सरकारले कूटनीतिक पहल लिनुपर्ने माग समेत गरेका छन्।

पत्रकारहरुको जिज्ञासमा रामरोशन दासले चेतावनी दिँदै भने, 'यदि बंगलादेशमा हिन्दुहरूमाथि भइरहेका आक्रमण रोकिएनन् भने हिन्दु समाज, साधुसन्त र धार्मिक संघसंस्थाहरू बंगलादेशविरुद्ध सशक्त प्रदर्शन गर्न बाध्य हुनेछन्।'

# असई पाठक 'उत्कृष्ट प्रहरी' घोषित

टुडे समाचारदाता

रौतहट। मंसिर महिनाको उत्कृष्ट प्रहरीको रुपमा जिल्ला प्रहरी कार्यालय रौतहटले असई नीलेश पाठक लाई घोषित गरेको छ।

शान्ति सुरक्षा मजबुत बनाउने क्रममा निरन्तर साहस, व्यावसायिकता र कर्तव्यनिष्ठा प्रदर्शन गरेबापत असई पाठक लाई मंसिर महिनाको 'उत्कृष्ट प्रहरी घोषित गरिएको हो।

विभागीय मूल्य-मान्यता र आदेश-निर्देशनको पूर्ण पालना गर्दै उच्च मनोबलका साथ कर्तव्यपथमा तल्लीन रहेका असई पाठकले अपराध नियन्त्रण तथा अनुसन्धानका विभिन्न सफल कारबाहीमार्फत उल्लेखनीय योगदान पु-याएका हुन्।

जिल्ला प्रहरी कार्यालय रौतहटद्वारा मंगलवार साँझ आयोजित एक कार्यक्रमका बीच एसपी रबिन कार्कीले असई पाठक लाई कदरपत्र बाट सम्मान गरेका थिए।

गत मंसिर ५ गते रौतहटको चन्द्रपुर नगरपालिका-६ स्थित फरार प्रतिवादी रामेश्वर राउतलाई पक्राउ गर्न सफल भएका पाठकले, मंसिर ९ गते चन्द्रपुर-४ मा सवारी साधनको प्रतीक्षामा रहेका दिनेश कुमार कोलीको साथबाट नक्कली गुट्का तीन बोरा बरामद गरी पक्राउ गर्न सफल भएका थिए।

त्यस्तै, मंसिर १३ गते प्राप्त विशेष सूचनाका आधारमा चन्द्रपुर-४ कै भोला साह कलवारलाई चेकजाँच गर्दा निजको साथबाट



१९० मिलिग्राम लागूऔषध खैरो हिरोइन बरामद गरी पक्राउ गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए। मंसिर १४ गते चन्द्रपुर-६ का राजेश राईलाई लागूऔषध खैरो हिरोइनको कारोबार गरिरहेको अवस्थामा पक्राउ गर्न सफल भएका थिए।

अफै, मंसिर १६ गते चोरी-डकैती गरी फरार रहेका आस महमद, विशाल महर्जन, नवराज झा, अतुलेश दास र शुभम कुशवाहालाई सीसीटीभी फुटेज विश्लेषणका आधारमा चन्द्रपुर-५ बाट पक्राउ गरी प्रहरीको छवि उच्च बनाउने प्रशंसनीय कार्य गरेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डिएसपी बिष्णुप्रदीप बस्यालले बताएका छन्।

उक्त उत्कृष्ट कार्यहरूको उच्च मूल्याङ्कन गर्दै इलाका प्रहरी कार्यालय शिवनगर,दरबन्दी भई हाल इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा कार्यरत असई निलेश पाठकलाई २०८२ मंसिर महिनाको 'उत्कृष्ट प्रहरी' को रूपमा चयन गरिएको प्रवक्ता तथा डिएसपी बस्यालले बताएका छन्।

उक्त अवसरमा रौतहट प्रहरी प्रमुख एसपी रविन कार्कीले पाठकलाई प्रशंसा-पत्र प्रदान गर्दै शुभकामना व्यक्त गरेका थिए। साथै, उनको व्यक्तिगत तथा व्यावसायिक जीवनको सफलताको कामना पनि गरेका थिए

# बहादुरमाई नगरपालिकाका ३ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

टुडे समाचारदाता

वीरगञ्ज। पर्साको बहुदरमाई नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत महमद शेरे मुस्तफासहित ३ जना विरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरेको छ।

गैरकानुनी लाभ वा हानि पुऱ्याइ भ्रष्टाचार गरेको आरोपमा आयोगले मुस्तफासहित नगरपालिकाका सहलेखापाल उपेन्द्रकुमार साह र जन प्रतिबिम्ब दैनिकका प्रकाशक/प्रधानसम्पादक संजयकुमार साहविरुद्ध मुद्दा दायर गरेको छ।

आर्थिक वर्ष २०८०/८१ मा स्वीकृत वार्षिक योजना तथा कार्यक्रम अन्तर्गत बैरिया प्रवेशद्वारदेखि नगरदाहासम्म सडक कालोपत्र गर्न खरिद ठेक्का लगाउँदा आपसी मिलेमतोमा ठेक्का लुकाएर नजिकको मान्छेलाई ठेक्का दिएर उनीहरूले भ्रष्टाचार गरेको आयोगको आरोप छ।

गत २५ चैत २०८० को बोलपत्र आह्वान भएको सूचना उक्त पत्रिकाको एक प्रतिमा मात्र प्रकाशित गरेको, तर प्रेस काउन्सिलको अभिलेखमा राखिएको उक्त दिनको पत्रिकाको हार्डकपी र पीडीएफ दुवैमा बोलपत्रको सूचना प्रकाशन नभएको पाइएको अख्तियारको भनाइ छ।

पत्रिकामा बोलपत्रको सूचना प्रकाशित नै नगरी झुट्टा बिल, भरपाइ पेस गरी ६५ हजार रुपैयाँ सो पत्रिकालाई भुक्तानी दिएको पाइएको अख्तियारको आरोपपत्रमा छ। अख्तियारले तीनै जनाविरुद्ध त्यति नै रकम बराबरको बिगो दाबी सहित मुद्दा दायर गरेको हो।

**समावेशी समाजको प्रवर्द्धन: सामाजिक उन्नतिको संवर्द्धन**

- सबैकोसमानअधिकारसुनिश्चितगर्दैशिक्षा,स्वास्थ्य रोजगारी र सेवासुविधामा पहुँच बढाऔं।
- भौतिक संरचना, यातायात र सार्वजनिक स्थानहरु अपाङ्गतामैत्री बनाऔं।
- सूचना र प्रविधि सबैका लागि पहुँचयोग्य बनाऔं।
- समाजमा विद्यमान विभेद अन्त्य गर्न सचेतना अभिवृद्धि गरौं।
- अवसर र क्षमताका आधारमा अपाङ्गता भएका व्यक्तिको सहभागिता सुनिश्चित गरौं।
- सुरक्षा, सम्मान र आत्मविश्वास बढाउने कार्यक्रम सञ्चालन गरौं।
- बालबालिका,महिला,ज्येष्ठनागरिकतथाअपाङ्गता भएका व्यक्तिलाई विशेष प्राथमिकता दिऔं।

परिवार, समुदाय र सहकार्यमार्फत समावेशी समाज निर्माण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८